# बार्षिक योजना तर्जुमा

# नीति, कार्यक्रम तथा वजेट पुस्तिका

आर्थिक वर्ष २०७७।०७८

**प्रकाशक**


## धार्चे गाउँकार्यपालिकाको कार्यालय

माछीखोला, गोरखा

सम्पर्क नं. ९८५१०१९३५३

टोल फ्रि नं. १६६००१७६५५५

इ-मेल — rmdharche@gmail.com

बेबसाइट — www.dharchemun.gov.np

# विषय सूची

खण्ड १ : परिचय र समिक्षा ........ २

१.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ २

१.२ संघ, प्रदेश तथा अन्य निकायहरुसंग भएका समन्वय, समझदारीहरु तथा तिनका उपलब्धिहरु... ९

१.३ कुलविनियोजित बजेट र समिक्षा अवधि असार मसान्तसम्मको खर्च स्थिति ........ ९

१.४ विषयगत क्षेत्र अनुसार विनियोजित बजेटको खर्च स्थिति (असार मसान्त सम्म) ........ १५

१.५ चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरु ........ १६

खण्ड २ : आगामी आ.व.२०७७।०७८ को नीति, बजेट तथा कार्यक्रम ........ १७

२.१ सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरु ........ १७

२.२ आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम ........ १९

२.३. अनुमानित व्यय र श्रोत व्यवस्थापन : ........ ४१

खण्ड ३ : वार्षिक विकास कार्यक्रम ........ ४१

चालु खर्च बजेट २०७७।०७८ ........ ४१

पूँजीगत खर्च बजेट २०७७।०७८ ........ ४७

शसर्त अनुदान तर्फ विनियोजित बजेट तथा कार्यक्रमहरु ........ ५१

विभिन्न संघसंस्थाहरुबाट विनियोजित बजेट तथा कार्यक्रम ........ ७०

धार्चे गाउँपालिकाको आर्थिक ऐन,२०७७ ........ ८५

धार्चे गाउँपालिकाको विनियोजन ऐन, २०७७ ........ १०४

बजेट बक्तब्य — २०७७।०७८ ........ १०५

# खण्ड १ : परिचय र समिक्षा

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको उत्तरी पूर्व भागमा यो गाउँपालिका अवस्थित छ । वारपाक सुलीकोट गाउँपालिका र लाप्राक, गुम्दाको शिरमा पर्ने प्रशिद्ध धार्चे लेकको काखमा अवस्थित यो गाउँपालिका जिल्ला सदरमुकाम पोखरी थोक, गोरखा बाट करीब ७२ कि.मी. उत्तर पश्चिममा अवस्थित छ । पूर्व तर्फ धादिङ जिल्ला र चीनको स्वशासित क्षेत्रसंग जोडिएको यो गाउँपालिका दक्षिण तर्फ आरुघाट गाउँपालिका र धादिङ जिल्ला, उत्तरमा चुम्नुम्ब्री गाउँपालिका र पश्चिममा वारपाक सुलीकोट गाउँपालिकासँग सिमाना जोडिएको छ । यो गाउँपालिका राष्ट्रिय गौरवको बुढी गण्डकी जलविद्युत आयोजनाको प्रभावित क्षेत्र तथा मनासलु हिमाल र गणेश हिमाल आरोहण प्रवेशद्वारको रुपमा रहेको छ । साविकका केरौंजा, उहिया, लाप्राक, गुम्दा, काशीगाउँ र लापु गरि ६ वटा गाविस मिलाएर ७ वटा वडामा विभाजित यो गाउँपालिका ६५२ वर्ग किलो मीटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिको केन्द्र वडा नम्वर ५ माछीखोलामा रहेका छ ।

प्रकृति पुजारी आदिवासी जनजातीहरूको वसोवास रहेको यस गाउँपालिकाका बासिन्दाहरुले आफ्नो घरबाट बाहिर कतै प्रस्थान गर्ने बेलामा आफ्नो रक्षा एवं कार्य सिद्धिका लागि खोलानाला एवं डाँडाकाँडाको पूजा गर्ने चलन कायमै छ । यसरी पूजा गर्दा धर्च (कपडाको टुक्रा) ढुगााको देउरालीमा चढाउने वा काठको लट्ठीमा बाँधेर गाड्ने प्रचलन रहेको छ । स्थानीय गुरूङ भाषामा ध्वजा (कपडाको सानो टुक्रा) लाई धर्च र डाँडाकाँडालाई गाङ भनिन्छ । बोल्दै जाने क्रममा यही शब्द अपभ्रमित भई धार्चे डाँडा भन्ने प्रचलन रहेको भनाई पाइन्छ । साविकका ६ वटा गाविसहरू समायोजन गरी पुनर्संरचना गरिएको यस गाउँपालिका  यही धार्चे डाँडाको नामबाट नामांकरण गरिएको हो ।

**धार्चे गाउँपालिकामा समावेश साविकका गा.विसहरु**

| हाल कायम भएको वडा | साविक गा.वि.स. | साविकका वडाहरु |
|---|---|---|
| १ | केरौजा | ७,८ र ९ |
| २ | केरौजा | १,२,३,४,५ र ६ |
| ३ | उहिया | १ देखि ९ |
| ४ | लाप्राक | १ देखि ९ |
| ५ | गुम्दा | १ देखि ९ |
| ६ | काशीगाउँ | १ देखि ९ |
| ७ | लापु | १ देखि ९ |

*स्रोत १ गाउँपालिका वेबसाइट,२०७५*

### अवस्थिति तथा क्षेत्रफल

धार्चे गाउँपालिका समुद्रि सतहवाट ६३० मिटर देखि ७३०९ मिटर उचाई सम्म फैलिएको छ । कुल ६५२ वर्ग किलोमिटर फैलिएको यस गा.पा.को भू—भाग मध्ये १५.६२ प्रतिशत २००० मिटर भन्दा कम उचाईमा रहेको छ । यसै गरी २८.१८ प्रतिशत भू-भाग २००० देखि ३००० मिटर उचाई सम्म, २६.६१ प्रतिशत ३००० देखि ४००० मिटर सम्म, १९.७६ प्रतिशत ४००० हजार देखि ५००० उचाई सम्म रहेको छ । करिव ९.८५ प्रतिशत भू-भाग भने ५००० मिटर भन्दा वढि उचाईमा रहेको छ  ।

**जनसंख्या र जातिगत विवरण परिवार संख्या, लैङ्गिक अनुपात**

गाउँपालिकाद्धरा २०७६ सालमा सकंलित तथ्याङ अनुसार यहाँ जम्मा ३९३२ घर परिवारहरु रहेका छन् भने २०६८ को जनगणना अनुसार भने ३१२८ रहेको थियो । यस अवधिमा ८०४ घरपरिवारहरु थपिएका छन् । वडा २ मा सवैभन्दा वढि ८१२ (२०.६५ प्रतिशत) घरपरिवारहरु रहेको देखिन्छ भने वडा १ मा सवै भन्दा कम अर्थात २३५ (५.९८ प्रतिशत) घरपरिवारहरु वस्ने गरेको देखिन्छ ।

गाउँपालिको कुल जनसंख्या १८,७२४ रहेको छ । वडागत रुपमा वडा ५ मा सवैभन्दा वढि ३६२७ जनाको वसोवास रहेको पाइन्छ भने वडा १ मा सवै भन्दा कम १०९७ जनाको वसोवास रहेको छ । वडागत रुपमा घरपरिवार र जनसंख्याको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ । यस अनुसार वडा १ मा ५.८६ प्रतिशत, २ मा १८.०८ प्रतिशत, ३ मा १२.५२ प्रतिशत, ४ मा १६.५९ प्रतिशत, ५ मा १९.३७ प्रतिशत, ६ मा १३.२३ प्रतिशत, ७ मा १४.३४ प्रतिशत रहेको छ । यहाँको कुल क्षेत्रफल ६५२ वर्गा कि. मि. भएको हुदाँ यहाँको जनघनत्व २९ जना प्रति वर्ग कि मि रहेको छ भने राष्ट्रिय औसत १८० को तुलनामा यहाँको जनघनत्व कम हो ।

### जनसंख्याको आकार र जनघनत्व

| वडा | २०६८ | | २०७६ | |
|---|---|---|---|---|
| | जनसंख्या | जनसंख्याको प्रतिशत | जनसंख्या | जनसंख्याको प्रतिशत |
| १ | ७८३ | ५.९२ | १०९७ | ५.८६ |
| २ | २४६५ | १८.६३ | ३३८६ | १८.०८ |
| ३ | १८५७ | १४.०४ | २३४४ | १२.५२ |
| ४ | २१६१ | १६.३४ | ३१०७ | १६.५९ |
| ५ | २३०३ | १७.४१ | ३६२७ | १९.३७ |
| ६ | १८३७ | १३.८९ | २४७८ | १३.२३ |
| ७ | १८२३ | १३.७८ | २६८५ | १४.३४ |
| **जम्मा** | १३२२९ | १०० | १८७२४ | १०० |

*स्रोत २ राष्ट्रिय जनगणना-२०६८ र धार्चे घरधुरी सर्भेक्षण-२०७६*

### वडागत रुपमा जनसंख्याको तुलनात्मक अवस्था

| वडा | २०६८ | | २०७६ | |
|---|---|---|---|---|
| | घरपरिवार | घरपरिवारको प्रतिशत | घरपरिवार | घरपरिवारको प्रतिशत |
| १ | १९२ | ९.०२ | २३५ | ५.९८ |
| २ | ५८१ | २७.३० | ८१२ | २०.६५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | ४२७ | २०.०७ | ५०४ | १२.८२ |
| ४ | ५२९ | २४.८६ | ६०३ | १५.३४ |
| ५ | ५३५ | २५.१४ | ६९२ | १७.६० |
| ६ | ४१४ | १९.४५ | ५४६ | १३.८९ |
| ७ | ४५० | २१.१५ | ५४० | १३.७३ |
| जम्मा | ३१२८ | १४६.९९ | ३९३२ | १००।०० |

*स्रोत ३ राष्ट्रिय जनगणना-२०६८ र धार्चे घरधुरी सर्वेक्षण-२०७६*

जातिगत विवरण

| वडा | गुरुङ | घले | विश्वकर्मा | अन्य |
|---|---|---|---|---|
| १ | १३१ | ८४ | १३ | ७ |
| २ | ६७५ | ६४ | २४ | ० |
| ३ | ३७३ | ६८ | ६३ | ० |
| ४ | ५९० | | १३ | ० |
| ५ | ६९९ | १ | २० | ० |
| ६ | ३१३ | २१५ | १८ | ० |
| ७ | ४९९ | | ४१ | ० |
| जम्मा | ३२८० | ४३२ | १९२ | ७ |
| प्रतिशत | ८३.८४ | ११.०४ | ४.९१ | ०.२१ |

*स्रोत ४ धार्चे घरधुरी सर्वेक्षण,२०७६*

### लैङ्गिक अनुपात

२०७६ सालको सर्वेक्षण अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १८७२४ मध्ये ९३२३ जना (४९.८० %) पुरुष र ९४०१ जना (५०.२० %) महिला रहेका छन । यस अनुसार लैङ्गिक अनुपात (पुरुष महिला अनुपात) औषतमा १०८.३६ रहेको देखिन्छ । वडा १, ४, ५ र ७ मा पूरुषको संख्या वढि रहेको छ, भने वडा २, ३ र ६ मा महिलाहरुको संख्या वढी रहेको छ ।

### भू—उपयोग स्थिति

धार्चे गाउँपालिकाको अधिकांश भू—भाग उच्च पहाडी र हिमाली क्षेत्रमा पर्ने हुदाँ यहाँको भिरालोपन समेत उच्च रहेको छ । टोपोग्राफिक नक्सा सर्वे विभागका अनुसार यस गाउँपालिकाको भू—धरातललाई विभाजन गर्दा ५ डिग्री भन्दा कम भिरालोपना भएको २.१० प्रतिशत, ५ देखि १५ डिग्री सम्म भिरालोपना भएको ४.९७ प्रतिशत रहेको छ । सबैभन्दा बढी ४०.८१ प्रतिशत जमिन ३० देखि ४५ डिग्री सम्म भिरालो भएको पाइन्छ । यस्तै ३३.७८ प्रतिशत जमिन ४५देखि ८० डिग्रीसम्म भिरालो भएको पाइन्छ ।

भू वनौटको आधारमा यस धार्चे गाउपालिकामा ९.८३ प्रतिशत भु—भाग मात्र खेति योग्य रहेको पाइन्छ । कुल भ—ुभागको ३६.६७ प्रतिशत वनले ढाकेको देखिन्छ भने २० प्रतिशत घाँसे मैदान, २.५३ प्रतिशत हिंउले

ढाकेको क्षेत्र र १ प्रतिशत भन्दा कम क्षेत्र पानी र पोखरी क्षेत्रले ओगटेको छ । यहाँको ३०.३८ प्रतिशत भु—भाग वाझो जमिन रहेको छ ।

**कृषि क्षेत्र, वन क्षेत्र, चरन क्षेत्र, संरक्षित क्षेत्र**

यस गाउँपालिकाको कुल क्षेत्रफल धैरै भए पनि कृषि योग्य भू—भाग ९.८३ प्रतिशत रहेको छ । आफ्नै तथा अन्यको जग्गा प्रयोग गर्ने समेतको संख्याको आधारमा ३२७३ (८३.३५ प्रतिशत) को कृषि योग्य जमिनमा पहुँच रहेको देखिन्छ भने ६५९ घरपरिवार (१६.७५ प्रतिशत ) को कुनै पनि प्रकारको कृषि योग्य जमिनमा पहुँच रहेको छैन । यस गाउँपालिका समुद्री सतह वाट ६३० मिटर देखि ७३०९ मिटर सम्म फैलिएका कारण यहाँ विभिन्न प्रकारको हावा पानी पाईन्छ । गाउँपालिको उच्च क्षेत्र (५००० मिटर भन्दा वढी उचाइमा रहेको क्षेत्रमा टुण्ड्रा हावापानी पाईन्छ । यसै गरि ३३०० मिटर उचाइ देखि ५००० मिटर सम्मको क्षेत्रमा लेकाली हावापानी रहन्छ । उच्च हिमाली र लेकाली क्षेत्रमा सामन्यतय चिसो मौसम रहन्छ भने गृष्म ऋतुमा मौसम १० डिग्री सेल्सियस सम्म पुग्छ । महाभारत श्रृखलाको २००० मिटर देखि ३३०० मिटर उचाइ सम्मको क्षेत्रमा ठण्डा शीतोष्ण हावापानी पाईन्छ । यहाको तापक्रम ० देखि १८ डिग्री सेल्सियसको विच रहन्छ । यस गाउँपालिको तल्लो भेगमा समशितोष्ण हावापानी पाइन्छ भने यो हावा पानी दूई हजार मिटर उचाईमा रहन्छ । यहाको तापक्रम ० देखि २८ डिग्री सेल्सियसको विचमा रहन्छ भने मनसुनको समयमा औसतमा २०० सेन्टिमिटर सम्मको वर्षा हुन्छ र यस क्षेत्र खेतीपातीको लागि उपयुक्त रहन्छ ।

**तालतलैया, नदी, धार्मिक एवं पर्यटकीय क्षेत्र**

यस गा.पा.मा अविरल पानी वग्ने १२ वटा खोला तथा नदीहरु रहेको छ भने स—साना पानीका मूलहरु वस्तिका नजिकै रहेका छन् । नदी नियन्त्रण तर्फ माछी खोला, वुढी गण्डकी, नौली खोला आदिको प्रकोप विद्यमान छ भनें अध्ययन विनाको अनियन्त्रित पूर्वाधार विकासले पहिराको समस्या झनझन वढ्दै गएको छ । गा.पा.को तथ्याङ्क अनुसार १६ पोखरीहरु, ११ वटा झरनाहरु छ । यस गाउँ पालिकामा सबै भन्दा बढी अर्थात ३८.९६ प्रतिशत वौद्ध धर्मावलम्बी बस्दछन् । त्यसै गरी दोश्रो ठुलो रुपमा ३४.९९ प्रतिशत हिन्दु धर्म मान्नेहरु रहेका छन् । साथै १३.८५ प्रतिशतले वोन धर्म र १२.१७ प्रतिशत क्रिश्चियन धर्म मान्नेहरु रहेका छन भने ०.०३ प्रतिशतले अन्य धर्म अबलम्बन गर्दै आएका छन् ।

यस गाउँ पालिकामा रहेको पर्यटकिय क्षेत्रहरु तातो पानी कुण्ड (माछी खोला), झाँक्री पुल (इस चाम), धार्चे डाँडा, हिम ताल, एन आर एन मोडेल भिलेज (लाप्राक), क्युलुम्चेत परिदृश्य, धार्चे चिंकार (प्राकृतिक शिवलिङ्ग), ह्यारि हिल (डम्फु डाँडा) लापु वेसि, भि.सि. हिल (रुकाङ डाडा), थमन गुरुङ भि.सि. पार्क (सिङ्ला), सगरमाथा आरोहि पाकर, भुमेकाङ (लाप्राक), क्याण्टी लिभर पुल (यारु खोला), दिदी वहिनी हिल (यारु वगर), गणेश कुण्ड (रुन्चेत), गणेश हिमाल वेश क्याम्प (हुल्चुक), काला पोखरी (रुन्चेत), ताम्लाकोट (केरौजा), खोर्लाकोट (खोंला), चुङकाङ भिरकोट (गुम्दा), सातकन्या देवि पोखरी (याम गाँउ), दुध पोखरी (उहिया), रुप्चे ताल (लाप्राक) रहेको छ ।

**पेशा, रोजगारी, गरीवी र गरीवी मापन स्थिति**

यस गाउँपालिकाको पेशागत स्थितिलाई हेर्दा यहाका करिब ४०% मानिसहरु कृषि पेशामा निर्भर रहेका छन् । त्यसै गरी करिव २३ प्रतिशत नोकरी तथा मजदुरी गर्दछन भने २१ प्रतिशत विद्यार्थी रहेका छन र करिव ७.५ प्रतिशत बैदेशिक रोजगारी मा निर्भर छन, उद्योगमा करिव ३.६ प्रतिशत् आश्रित छन् । त्यसै गरि २ प्रतिशत बेरोजगार रहेका पाइन्छन् भने करिव २ प्रतिशत घरेलु तथा अन्य सेवामा संलग्न छन् । सर्वेक्षण अनुसार १९७ घरपरिवारहरु अति गरिवको रुपमा पहिचान भएका छन् । कुल जनसंख्या मध्ये ८०८ जना अति गरिव सदस्यहरु रहेका छन् भने यो कुल जनसंख्याको ५.१ प्रतिशत हुन आउँछ ।

**शिक्षा, साक्षरता स्थिति, विद्यालयहरु तथा शिक्षण संस्थाहरु र पहुँच स्थिति**

गाउँपालिकावाट हालै संकलित विवरण अनुसार १५ वर्ष भन्दा माथि जम्मा १३५२० जना मध्ये ७०.७२ प्रतिशत जनसंख्या साक्षर (पढ्न र लेख्न जान्ने) रहेका छन् । जस मध्ये ६३ प्रतिशत महिला छन् भने ७७ प्रतिशत पुरुष छन् । वडागत आधारमा वडा ३ मा न्यून मात्रामा साक्षर रहेका छन । गाउँपालिको औसत ७०.७२ को तुलनामा यस वडामा ५५.१४ प्रतिशत मात्र साक्षर रहेको देखिन्छ । यसै गरि वडा १, २ र ६ मा समेत गाउँपालिका औसत भन्दा न्यून मात्र साक्षर रहेका छन् ।

यस गाउँपालिकामा ५ वर्ष भन्दा माथिको उमेर समुहमा ९६३१ जनाले औपचारिक शिक्षा लिएको देखिन्छ । यो ५ वर्ष भन्दा माथिको जनसंख्याको ५५.२१ प्रतिशत हो । सवै भन्दा वढिले (६१४६)े आधारभूत तह सम्म अध्ययन गरेको देखिन्छ भने २८३७ जनाले माध्यमिक तहको अध्ययन पुरा गरेका छन् । प्राविधिक एस् एल् सी पुरा गर्ने ३१ जना रहेका छन् भने २९९ जनाले स्नातक र २१ जनाले स्नातकोत्तर सम्मको अध्ययन पुरा गरेका देखिन्छ । कुल २७ ओटा विद्यालय रहेको यस गाउँपालिका मा १ वटा निजी र अन्य सम्पूर्ण सरकारी एवं संस्थागत विद्यालयहरु रहेका छन्। वडा स्तरको बर्गिकरण हेर्दा वडा नम्बर १ मा २ वटा, २ ,३,४,५,६,७ मा क्रमश ४,५,२,४,३ र ६ वटा सरकारी एवं संस्थागत बिद्यालय अवस्थित छन् भने वडा नम्वर ४ मा मात्र १ वटा निजी बिद्यालय रहेको छ । यस गाउँपालिकामा करिव ६२ प्रतिशत घरको १ कि मि भित्र प्राथमिक विद्यालय पुग्न सकिने अवस्था रहेको छ । यसै गरि अर्को २० प्रतिशत घरको २ कि मि भित्र, ९ प्रतिशत घरको ३ कि मि भित्र र बाँकी ९ प्रतिशतले ३ कि मि भन्दा वढी यात्रा तय गर्नु पर्ने अवस्था छ । यसै गरि माध्यमिक विद्यालयका हकमा दुई तिहाईले २ कि मि भित्र, अर्को १५ प्रतिशतले ४ कि. मि. भित्र र बाँकी २२ प्रतिशतले ४ घन्टा भन्दा बढी हिंडनु पर्ने देखिन्छ ।

**स्वास्थ्य, स्वास्थ सेवा संस्थाहरु, स्वास्थ्य सेवामा पहुँचको स्थिति**

स्वास्थ्यको पहुच हेर्दा यस गाउँपालिकामा जम्मा १२ वटा क्लिनिकहरु रहेका छन् भने १९ वटा खोप केन्द्र छन् । यसै गरि ३ वटा स्वास्थ्य केनद्र र १ सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन । करिव १५ प्रतिशत घरले मात्र १ कि मि भित्र सामुदायिक स्वास्थ्य सस्थामा पुग्न सक्ने अवस्था रहेको छ । यसै गरि अर्को ९ प्रतिशत घरले २ कि मि भित्र, ३० प्रतिशत घरले ३ कि मि भित्र र वाकि करिव ४६ प्रतिशत घरले ३ कि मि भन्दा वढि हिडनु पर्ने देखिन्छ । पहुँच सम्वन्धि विवरण चित्र ६.५ मा प्रस्तुत गरिएको छ । कुल स्वास्थ्यकर्मी

२८ जना कार्यरत छन् भने ७ जना को दरबन्दी रहेको मध्ये जम्मा ६ जना हेल्थ असिस्टेन्टहरु यहाँ कार्यरत छन् ।

**खानेपानी तथा सरसफाई स्थिति, पहुँच तथा चर्पी प्रयोग**

पाइपवाट वितरण पानी यहाँको खाने पानीको मुख्य स्रोतको रुपमा रहेको छ । यस गाउँपालिकामा ९६.७७% घर परिवार पाईप मार्फत बितरित् पानी पिउछन । जस मध्ये ८१.६७ प्रतिशत घरधुरी सार्बजनिक धाराबाट पानी पिउँछन, भने १५.१०% घर परिवारको आफनै घर परिसरमा धारा जडित छन । वडा स्तरमा खाने पानीको पहुँच हेर्दा वडा नम्बर १ ,३, ५, ६ का परिवारहरुमा पाईप मार्फत बितरित पानीको सुविधा लगभग शत प्रतिशत रहेको छ भने वडा २, ४ र ७ मा क्रमश ९८ %, ८६% र ९५%रहेको देखिन्छ । वडा अनुसार पानीको पहुँचको अवस्था छ ।

सरसफाईतर्फ यस गाउँपालिका खुला दिशा मुक्त भईसकेको अवस्था छ । यहाँ ७४.९२ प्रतिशत घर परिवारले सेफ्टी टंकी सहित को शौचालय प्रयोग गर्ने गरेका छन् भने १७.५७ प्रतिशतले खाल्डे चर्पी को प्रयोग गरि रहेका छन् । यहा ७ प्रतिशत घर परिवारसंग चर्पी नभएको तथ्याङ्कले देखाउदछ । कुल चर्पी नभएको परिवार मध्ये सबै भन्दा बढी वडा नम्बर ४ मा (३६५ घरपरिवार) छ भने वार्ड नम्बर १ मा १९ परिवार संग चर्पीको पहुच छैन ।

**उद्योग व्यवसाय कृषि, पशु सेवा, पोषण, खाद्य निर्भरता**

गाउँपालिकामा उद्योग को स्थिति हेर्दा जम्मा ४४ वटा लघु एबं घरेलु उद्योग रहेका पाइन्छ भने साना जल विद्युत १३ , जल विद्युत ३ र मध्यम जल विद्युत १ वटा रहेका छन् । उत्पादन को आधार मा हेर्दा खाद्यान्न, जल विद्युत, फर्निचर र फलामे उद्योग रहेका छन् । यस हिसावले उत्पादनशिल उद्योगको संख्या नगन्य रहेको छ । यस गाउँपालिका वाट संकलित तथ्याङ्क अनुसार यहाँ ७५ वटा होटेल वा लज् रहेका देखिन्छन् । करिव १५ वटा होमस्टेहरु रहेका छन् भने सहकारीको सङ्ख्या ७ वटा छन् ।

यस गाउँपालिकाको कुल क्षेत्रफल धेरै भएपनि कृषि योग्य भू—भाग ९.८३ प्रतिशत रहेको छ । आफनै तथा अन्यको जग्गा प्रयोग गर्ने समेतको संख्याको आधारमा ३२७३ (८३.३५ प्रतिशत) को कृषि योग्य जमिनमा पहुँच रहेको देखिन्छ भने ६५९ घरपरिवार (१६.७५ प्रतिशत ) को कुनै पनि प्रकारको कृषि योग्य जमिनमा पहुँच रहेको छैन । कृषि यहाँको मुख्य पेशाको रुपमा रहेको छ । आलु, मकै, कोदो, जौ, गहुँ , सिलाम यहाँका प्रमुख खाध्यान्न वालिहरु रहेका छन् । दलहन तर्फ भट्मास, सिमी आदि यहाँ उत्पादन हुने गर्दछ । हरियो तरकारी तर्फ प्याज, वन्दा, खुर्सानी, अदुवा, काँक्रा,े गोलभैंडा आदि उत्पादन हुन्छ । फल फुल तर्फ सुन्तला यहाँको उत्पादन हो । वन लसुन र यार्चा यहाँको उच्च मुल्यका सकलन हुने जडिवुट्टि हुन् ।

यहाँ ५७ प्रतिशत धरधुरीले मकै उत्पादन गर्दछन् । धार्चेमा गत वर्ष कुल ४४४.१४ मे.ट. मकै उत्पादन गरि १२३ मे. ट. विक्री गरेको देखिन्छ । करिव ५२ प्रतिशत घर परिवार कोदो उत्पादनमा सम्लग्न रहको र गत वर्ष करीव ३२५ मे. ट. कोदो यहाँ उत्पादन भएको देखिन्छ । ४१ प्रतिशत घर परिवारले आलु खेति गरेका छन्। गत वर्ष ३९८ मे. ट. आलु उत्पादन भएको पाइन्छ । यसै गरि गँहु, जौ र भटमास क्रमशः

२६, १४ र १८ प्रतिशत घरपरिवारले उत्पादन गर्ने देखिन्छ भने यी वस्तुहरु क्रमशः १४४, ६३ र ४० मे ट. उत्पादन भएको देखिन्छ । धान उत्पादनमा करिव २ प्रतिशत घर परिवार संलग्न रहेका र यहाँ १३ मे. ट. जति धान गत वर्ष उत्पादन भएको देखिन्छ । यसै गरि सिमी ६ प्रतिशत, सिलाम ४ प्रतिशत, तोरी १ प्रतिशत परिवारले उत्पादन गरेको देखिन्छ । हरियो तरकारी तर्फ करिव १ प्रतिशत घरपरिवार मात्र सलग्न रहेको देखिन्छ जसमा वन्दा ५ मे. ट जति उत्पादन भएको छ भने अन्य तरकारी न्यून मात्रामा उत्पादन भएको अवस्था छ भने वन लसुन को उत्पादन १००० किलो रहेको छ ।

यहाँ विभिन्न खाद्यान्न उत्पादनहरु भए पनि अधिकांश उत्पादन परम्परागत प्रणाली र आफ्नो खपतको लागि मात्र भएको देखिन्छ । फलस्वरुप कम घरपरिवारले मात्र आफनो उपज विक्रि गर्ने गरेको देखिन्छ । जस्तो, उत्पादन र बिक्रिको अनुपात हेर्दा मकै को उत्पादन ४४४. १४ मेट्रिक टन  छ भने बिक्रि करिब एक चौथाई (१२३. २०) मेट्रिक टन देखिन्छ । तुलनात्मक हिसाब ले हेर्दा भटमास को उत्पादन र बिक्रिको फरक कम देखिन्छ जुन क्रमश ३९. ८५ र २९. ९७ मेट्रिक टन रहेको छ । त्यसै गरि सिमि को उत्पादन र बिक्री क्रमश ३४. ४५ र २०. ८७ मेट्रिक टन देखिन्छ ।

पशुपालन तर्फ ४९ प्रतिशत घरपरिवारहरु पशुपालन मार्फत जीविकोपार्जन गरि रहेका छन् । जस मध्ये करिब २९% घरपरिवारहरु गाई तथा भैसी पालन, बाख्रा तथा भेडा पालनमा ३३.०५%, कुखुरा पालनमा ८%, घोडा खच्चड पालनमा २ % र २ % जतिनै सुगुर पालनमा आवद्ध रहेका छन् ।  केवल ०.८ प्रतिशत अर्थात ३४ घर परिवारले मौरी पालन अंगालेको देखिन्छ । गत बर्षका आम्दानीको स्थिति हेर्दा सबै भन्दा बढी आम्दानी बाख्रा तथा भेडा पालन बाट हुने गरेको पाइन्छ ।  यस बाट गत वर्ष १.३५ करोड आम्दानी भएको देखिन्छ । सोहि समयमा घोडा खच्चड बाट १.२५ करोड को आम्दानी भएको छ । गाई , भैसी र मौरी पालन बाट क्रमश ४२. ०७ लाख , ३२. ६८ लाख र ३३. ९७ हजार आम्दानी रहेको छ । सुँगुर पालनमा २.४१ प्रतिशत कृषक आवद्ध छन् भने यस बाट १०.७५ लाख को वार्षिक आम्दानी हुने गरेको देखिन्छ ।

यस गाउँपालिकाको अधिकाश परिवारहरु कृषिमा सलग्न रहे पनि कृषि तथा पशुपालन उत्पादनको हिसावले आत्मनिर्भर रहेको छैनन । करीव १० प्रतिशत मात्र भुमाग खेति योग्य रहेको तथा पराम्परागत विधि र वालिहरुको अभ्यासको कारण यहाँ उत्पादित उपजले अधिकास परिवारलाई केहि महिना मात्र धान्ने अवस्था छ।जस्तो, जम्मा २२ % घर परिवारहरुलाई मात्र उनिहरुको उत्पादनले १० महिना भन्दा बढी खान पुग्दछ । त्यसै गरि आफ्नो उत्पादनले ७ महिना देखि ९ महिना सम्म खान पुग्नेको अनुपात १५ प्रतिशत रहेको छ । ६ महिना भन्दा कम तर ४ महिना भन्दा बढी खान पुग्नेको अनुपात सबै भन्दा बढी (३५%) छ भने केवल ३ महिना मात्रै खान पुग्नेहरुको संख्या २८ प्रतिशत रहेको छ ।

१.२ संघ, प्रदेश तथा अन्य निकायहरुसंग भएका समन्वय, समझदारीहरु तथा तिनका उपलब्धिहरु

| क्र.सं. | संघ | प्रदेश | अन्य निकायहरुसंग |
|---|---|---|---|
| १ | **क)** गुम्दा आलु कोल्ड स्टोर डिपिआर<br>**ख)** सौर्यबत्ती जडान<br>**ग)** मोबाइल चार्जिङ स्टेशन निर्माण | **क)** यामगाउँ महिला सामुदायिक भवन निर्माण<br>**ख)** गुम्दा पौटु लापु मोटर बाटो निर्माण<br>**ग)** सिङ्गला सामुदायिक भवन शौचालय निर्माण<br>**घ)** हिमाली आमा समुह पूर्वाधार विकास<br>**ङ)** रुन्चेत सामुदायिक भवन निर्माण<br>**च)** माछिखोला सामुदायिक भवन मर्मत | डि.एफ.आइडी/मोटम्याकडोनाल्ड, जि.एन.आइ, लेजामि द लाप्राक, यु.एन.डि.पी, छायाँ नेपाल आदि निकायहरुसंगको सहकार्यमा विभिन्न कार्यक्रम संञ्चालन भइरहेको तथा सम्पन्न गरिएको । |

१.३ कुलविनियोजित बजेट र समिक्षा अवधि असार मसान्तसम्मको खर्च स्थिति

आ.व. : २०७६/७७ महिना : असार सम्म

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | मौज्दात |
|---|---|---|---|
| | **आय** | | |
| **संघीय सरकार** | **१९,२०,८२,०००.००** | **१९,२०,८२,०००.००** | |
| १३३११ समानिकरण अनुदान | ८,९४,००,०००.०० | ८,९४,००,०००.०० | |
| १३३१२ शसर्त अनुदान चालु | १०,२६,८२,०००.०० | १०,२६,८२,०००.०० | |
| **प्रदेश सरकार** | **१,७८,५८,०००.००** | **१,४९,५८,०००.००** | **२९,००,०००.००** |

| | | | |
|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | १,२०,५८,०००.०० | १,२०,५८,०००.०० | |
| १३३१६ समपुरक अनुदान चालु | ५८,००,०००.०० | २९,००,०००.०० | २९,००,०००.०० |
| **राजस्व बाडफाड** | **७,३५,१४,३६६.००** | **४,९९,८९,८१६.९५** | **२,३५,२४,५४९.०५** |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,१०,००,०००.०० | ४,७९,०७,८१६.९५ | २,३०,९२,१८३.०५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २२,९०,०००.०० | २०,८२,०००.०० | २,०८,०००.०० |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | २,२४,३६६.०० | | २,२४,३६६.०० |
| **अन्तरिक श्रोत** | **३,८२,४७,६११.८४** | **५,५९,९६,९४४.३३** | **(१,७७,४९,३३२.४९)** |
| ११११३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ३,९३,२००.०० | | ३,९३,२००.०० |
| ११३१४ भुमिकर/मालपोत | १,१७,९६०.०० | ३१,०८१.४० | ८६,८७८.६० |
| ११३२१ घरवहाल कर | १,००,०००.०० | | १,००,०००.०० |
| ११३२२ वहाल विटौरी कर | १५,०००.०० | | १५,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १०,०००.०० | | १०,०००.०० |
| ११६९१ अन्य कर | ६,२१,२००.०० | ३०,०००.०० | ५,९१,२००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १२,५०,०००.०० | | १२,५०,०००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | १,५००.०० | | १,५००.०० |
| १४२४२ नक्सापास दस्तुर | ३०,०००.०० | | ३०,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ७,८६,४००.०० | १,५८,३७१.०० | ६,२८,०२९.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४८,५००.०० | ६१,७०५.०० | -१३,२०५.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५०,०००.०० | | ५०,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | २०,०००.०० | | २०,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २,५००.०० | | २,५००.०० |
| १४५२९ अन्य राजस्व | १०,०००.०० | १,०९,०००.०० | -९९,०००.०० |
| १४६११ व्यवसाय कर | ७५,०००.०० | ७,०००.०० | ६८,०००.०० |
| १५१११ बेरूजू | ५,००,०००.०० | ५०,००,०००.०० | (४५,००,०००.००) |

| | | | |
|---|---|---|---|
| ३२१२१ नगद | ३,३१,६९,३६३.८४ | ५,०५,९९,७८६.९३ | (१,७४,३०,४२३.०९) |
| ३२१२२ बैंक मौज्दात | १०,४६,९८८.०० | | १०,४६,९८८.०० |
| **जम्मा** | **३२,१७,०१,९७७.८४** | **३१,३०,२६,७६१.२८** | **८६,७५,२१६.५६** |

| **व्यय** | | | | |
|---|---|---|---|---|
| **शीर्षक** | **बार्षिक बजेट** | **खर्च** | **खर्च(%)** | **मौज्दात** |
| चालु | १८,४२,८२,२२५.५७ | ११,९३,२४,५३७.६८ | ६४.७५ | ६,४९,५७,६८७.८९ |
| २११११ पारिश्रमिक कर्मचारी | ८,१२,३०,९५४.०० | ५,६४,९२,९८२.१० | ६९.५५ | २,४७,३७,९७१.९० |
| २१११२ पारिश्रमिक पदाधिकारी | ६०,००,०००.०० | २०,२८,०००.०० | ३३.८ | ३९,७२,०००.०० |
| २११२१ पोशाक | १६,३०,०००.०० | ३,२५,०००.०० | १९.९४ | १३,०५,०००.०० |
| २११३१ स्थानीय भत्ता | ५१,४६,०००.०० | १०,२९,६४९.०० | २०.०१ | ४१,१६,३५१.०० |
| २११३२ महंगी भत्ता | २१,२०,०००.०० | ६,५७,५३४.०० | ३१.०२ | १४,६२,४६६.०० |
| २११३३ फिल्ड भत्ता | ७०,०००.०० | ५४,०००.०० | ७७.१४ | १६,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ३,००,०००.०० | ४६,५००.०० | १५.५ | २,५३,५००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५०,०००.०० | | | ५०,०००.०० |
| २११३९ अन्य भत्ता | ६,७०,०००.०० | ८६,०२१.०० | १२.८४ | ५,८३,९७९.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३,००,०००.०० | | | ३,००,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २,१०,०००.०० | | | २,१०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १४,००,०००.०० | | | १४,००,०००.०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २,००,०००.०० | | | २,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | १०,००,०००.०० | | | १०,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | ५०,०००.०० | ४८,५९१.०२ | ९७.१८ | १,४०८.९८ |
| २२११२ संचार महसुल | ११,०८,०००.०० | ३,०६,३०२.०० | २७.६४ | ८,०१,६९८.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ३०,०००.०० | | | ३०,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | ५,००,०००.०० | १,७७,४०२.०० | ३५.४८ | ३,२२,५९८.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २,००,०००.०० | १,१५,८८०.०० | ५७.९४ | ८४,१२०.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १०,००,०००.०० | ७,३१,३३१.७७ | ७३.१३ | २,६८,६६८.२३ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १,५०,०००.०० | ७६,०९३.३० | ५०.७३ | ७३,९०६.७० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,००,०००.०० | २९,०२७.०० | ९.६८ | २,७०,९७३.०० |

| | | | | |
|---|---|---|---|---|
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५०,१७,०००.०० | ३२,४८,११२.७५ | ६४.७४ | १७,६८,८८७.२५ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १४,३७,०००.०० | १४,३५,४८८.७४ | ९९.८९ | १,५११.२६ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,५०,०००.०० | | | १,५०,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०,००,०००.०० | ९,९८,२५१.०० | ९९.८३ | १,७४९.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,००,०००.०० | | | ५,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | ९४,००,०००.०० | ७६,३५,६०२.०० | ८१.२३ | १७,६४,३९८.०० |
| २२५११ कर्मचारी तालिम खर्च | १०,८०,०००.०० | | | १०,८०,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ६०,८५,६५७.०० | ३१,४५,६०७.०० | ५१.६९ | २९,४०,०५०.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १८,५०,०००.०० | ५,४०,९५०.०० | २९.२४ | १३,०९,०५०.०० |
| २२५२२ कार्यक्रम खर्च | २,१४,१६,४८२.५७ | १,२८,३०,३६७.५० | ५९.९१ | ८५,८६,११५.०७ |
| २२५२९ विविध कार्यक्रम खर्च | ६,५४,०००.०० | ५,३०,०६५.०० | ८१.०५ | १,२३,९३५.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४१,७५,०००.०० | ३३,०५,३६८.०० | ७९.१७ | ८,६९,६३२.०० |
| २२६१२ भ्रमण खर्च | ३,००,०००.०० | ७४,३००.०० | २४.७७ | २,२५,७००.०० |

| | | | | |
|---|---|---|---|---|
| २२७११ विविध खर्च | ५७,९६,८३८.०० | ३९,६२,५९९.५० | ६८.३६ | १८,३४,२३८.५० |
| २२७२१ सभा सञ्चालन खर्च | ८,००,०००.०० | | | ८,००,०००.०० |
| २५१११ गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | १,१६,३७,०००.०० | १,०६,१०,०००.०० | ९१.१७ | १०,२७,०००.०० |
| २५३१५ अन्य सस्था सहायता | ४,००,०००.०० | ४,००,०००.०० | १००. | |
| २७२११ छात्रवृत्ति | ४०,३६,०००.०० | ४०,१९,०००.०० | ९९.५८ | १७,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ३१,३५,०००.०० | ३०,८५,०००.०० | ९८.४१ | ५०,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | २,००,३०६.०० | ५०,०००.०० | २४.९६ | १,५०,३०६.०० |
| २८१४२ घरभाडा | ८,००,०००.०० | ६,२३,०२०.०० | ७७.८८ | १,७६,९८०.०० |
| २८१४९ अन्य भाडा | ४,००,०००.०० | २,७९,५०५.०० | ६९.८८ | १,२०,४९५.०० |
| २८२१९ अन्य फिर्ता | ३,४६,९८८.०० | ३,४६,९८८.०० | १००. | |
| पूंजीगत | १३,७९,३३,७५२.२७ | ६,७४,८६,४८८.४४ | ४८.९३ | ७,०४,४७,२६३.८३ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | २,५०,०००.०० | २,५०,०००.०० | १००. | |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १,०८,००,०००.०० | ५३,३०,८४९.०८ | ४९.३६ | ५४,६९,१५०.९२ |
| ३१११४ जग्गा विकास कार्य | १,१०,१६,३७३.०० | ३७,२४,१८१.२८ | ३३.८१ | ७२,९२,१९१.७२ |
| ३११२२ मेशिनरी तथा औजार | ४२,९४,२६७.५७ | ३१,१८,९६९.५८ | ७२.६३ | ११,७५,२९७.९९ |

| | | | | |
|---|---|---|---|---|
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३०,५०,७३५.४३ | २९,८५,६५६.४३ | ९७.८७ | ६५,०७९.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ८,००,०००.०० | | | ८,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १,१२,२५,१९२.०० | १,१२,२२,८५१.०० | ९९.९८ | २,३४१.०० |
| ३११५३ विद्युत संरचना निर्माण | ८,००,०००.०० | ७,६८,०००.०० | ९६. | ३२,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ५,००,०००.०० | ४,८०,०००.०० | ९६. | २०,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६,८९,३६,४८४.२७ | ३,८२,५८,२१२.१५ | ५५.५ | ३,०६,७८,२७२.१२ |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | २४,५०,०००.०० | | | २४,५०,०००.०० |
| ३१४११ जग्गाप्राप्ति खर्च | ९,००,०००.०० | ४,८३,२५८.९२ | ५३.७ | ४,१६,७४१.०८ |
| ३१५११ भैपरी आउने पूँजीगत | २,२९,१०,७००.०० | ८,६४,५१०.०० | ३.७७ | २,२०,४६,१९०.०० |
| जम्मा | ३२,२२,१५,९७७.८४ | १८,६८,११,०२६.१२ | ५७.९८ | १३,५४,०४,९५१.७२ |

## १.४ विषयगत क्षेत्र अनुसार विनियोजित बजेटको खर्च स्थिति (असार मसान्त सम्म)

| विषयगत क्षेत्र | रकम रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| सामाजिक विकास | १३७११९३५५।५७ | ८५।९७ | SuTRA बाट साभार गरिएको |
| आर्थिक विकास | ३०३०८८०८।५७ | ४९।०० | |
| पूर्वाधार विकास | ११७६१९९५९।७० | ५१।८२ | |
| वातावरण विपद व्यवस्थापन | ४२६४६०७।०० | ८६।३५ | |
| संस्थागत विकास सेवा प्रवाह | ७००७६०७।०० | ५८।६० | |

**१.५ चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरु**

क) समयमै संघ सरकारवाट नमुना कानुन तथा नीतिहरु उपलव्ध गराउन नसक्नु, तिनवटै सरकार बीचमा आवश्यक समन्वय तथा सहकार्यको कमी ।

ख) कोभिड १९ को महामारीबाट सिर्जीत बन्दाबन्दीको प्रत्यक्ष प्रभाव योजना कार्यान्वयनको मुख्य समयमा पर्दा सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयन हुन नसक्नु ।

ग) संघ, प्रदेश र स्थानीय सरकार विच तथा स्थानीय सरकार संञ्चालन ऐनमा रहेको क्षेत्राधिकारमा अन्योलता हुनु ।

घ) स्रोत विनियोजनको मापदण्ड भूगोल लगायत अन्य पूर्वाधारलाई मान्नु पर्ने साथै समयमै स्थानीय सरकारलाई स्रोत उपलव्ध नहुनु ।

ङ) गाउँपालिकामा दरवन्दी अनुसार कर्मचारीहरु अन्तिम समयमा मात्र उपलव्ध हुनु ।

च) उपभोक्ता समितिहरुको क्षमतामा कमी, राजनीतिक प्रतिसोध तथा समन्वयको अभावले योजना संञ्चालन तथा कार्यन्वयनमा समस्या ।

छ) गाउँपालिका भवन निमार्णको लागि जग्गाको अभाव ।

ज) विद्युतीकरण, सुचना तथा संञ्चार माध्यमको अभाव ।

# खण्ड २ : आगामी आ.व.२०७७।०७८ को नीति, बजेट तथा कार्यक्रम

## २.१ सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरु

**<u>सोचः</u>** "सुन्दर, सुरक्षित, समृद्ध धार्चे"

**<u>दीर्घकालीन सोचको व्याख्याः</u>**

**सुन्दरः** प्राकृतिक श्रोतको दिगो उपयोग, वातावरण मैत्री विकास, प्रदुषण मुक्त, हराभरा, सांस्कृतिक मूल्य र मान्यता ।

**सुरक्षितः** विपद् प्रतिरोधी आवास र पुर्वाधार विकास भएको, विपद् जोखिम न्यूनीकरण भएको, आधारभूत स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा सुनिश्चित भएको, शान्ति सुरक्षा प्रभावकारी भएको, सबै प्रकारका विभेद र द्वन्द्वको अन्त्य भएको।

**समृद्धः** १) आय वृद्धि भई समतामूलक वितरण भएको ।

२) मानव विकास सूचकांकमा उल्लेख्य वृद्धि भएको ।

३) रोजगारका अवसरहरु विस्तार भएको ।

४) दिगो विकास तथा आवधिक योजनाका लक्ष्य प्राप्त भएको ।

**<u>लक्ष्य</u>**

प्राकृतिक श्रोतको दिगो उपयोग, कृषिको व्यवसायिकरण, वातावरण मैत्री पूर्वाधार विकास, परम्परागत लोकसँस्कृतिको संरक्षण र पर्यापर्यटनको सम्बर्द्धन गर्दै समष्टिगत सामाजिक तथा आर्थिक विकासद्वारा नागरिकको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

**<u>उद्देश्यहरुः</u>**

१) व्यवसायिक कृषि तथा पशुपालन, पर्यटन र उद्योग व्यवसायका माध्यमबाट रोजगारी र आयमा वृद्धि गर्नु,

२) आधारभूत स्वास्थ र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्नु

३) वातावरणमैत्री दिगो भौतिक पूर्वाधारको विकास गर्नु,

४) प्राकृतिक श्रोत र साधनहरुको दिगो उपयोग गर्नु,

५) संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह हुनु,

अपेक्षित उपलब्धिहरु (प्रतिफल)

| आवधिक योजनाको समष्टिगत लक्ष्य | सूचक | इकाई | आधाररेखा आ.व. ०७५-७६ सम्मको अवस्था | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | | ०७८।०७९ | ०८०।०८१ |
| | मानव विकास सूचकाङ्क | सूचकांक | ०.५७४ | ०.६०० | ०.६२४ |
| | आर्थिक वृद्धि | प्रतिशत | ७.०६ | ९.५ | ९.५ |
| | कुल गार्हस्थ्य उत्पादन | रु अर्ब | १.५९ | २.०८ | २.५० |
| | प्रतिव्यक्ति वार्षिक आय | रु हजार | ८४ | १०४ | १२० |
| | आफ्नो उत्पादनबाट वर्षभरि खान पुग्ने परिवार | प्रतिशत | २२ | २५ | ३५ |
| | कृषि क्षेत्रमा संलग्न घर परिवार (कृषि र पशुपन्छी पालन) | प्रतिशत | ८३ | ७८ | ७० |
| | आम्दानीको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७८ | ७० | ६५ |
| | मापदण्डअनुसार बनेका आवास घर | प्रतिशत | ७० | ८५ | ९० |
| | बाह्रै महिना संचालन हुने सडक | किमि | १५ | ३० | ६० |
| | रुख विरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ३७ | ४० | ४५ |
| | बेरोजगारी | प्रतिशत | २.२४ | २ | १ |
| | व्यवसायिक र प्राविधिक सीपयुक्त जनशक्ति | संख्या | ३७६ | ५०० | १,००० |
| | बैदेशिक रोजगारीमा गएकाको संख्या | प्रतिशत | ७.८ | ६ | ५ |
| | काम गर्ने उमेर समूहमध्ये | प्रतिशत | ९७ | ९८ | १०० |
| | पाइपबाट खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | २१.३२ | १८ | १३ |
| *राष्ट्रिय आँकडामा आधारित ।<br>**प्रदेशको आर्थिक वृद्धिलाई आधार मानिएको । | | | | | |

## २.२ आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम

उपस्थित सम्मानित उपाध्यक्ष ज्यू,
गाउँसभा सदस्यज्यूहरु,
राष्ट्र सेबक कर्मचारीहरु,

(१) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड—१९) को संक्रमणबाट मानव सभ्यता र मानव जाती माथी नै अकल्पनीय संकट आइपरेको छ । यस महामारी विरुद्ध स्थानिय सरकार (स्थानिय तह) आफनो सम्पूर्ण क्षमता, स्रोत र साधनका साथ जुटिरहेको यस कठिन घडीमा धार्चे गाउँपालिकाक आठौं सभामा आ.व.२०७७-७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । प्रस्तुत नीति कार्यक्रमले कोभिड १९ बाट धार्चे गाउँपालिका वासीको जीवन रक्षा गर्ने र महामारीबाट शिथिल भएको आर्थिक, सामाजिक लगायतका क्षेत्रलाई चलाएमान वनाउने मुल लक्ष्य लिएको छ ।

(२) मानव स्वस्थ्यको क्षेत्रमा देखिएको विषम परिस्थितिमा पनि गरिमामय यस सभा सामु धार्चे गाउँपालिकाको आ.व.०७७-०७८ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफूलाई गौरव महसुस गरेको छु ।

(३) नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक—पटक गरेका ऐतिहासिक जन आन्दोलनहरु, जनयुद्व र मधेश आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्वाञ्जली अपर्ण गर्दछु । वेपत्ता नागरिक प्रति स्मरण गर्दै घाइते र पीडित प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परीवर्तनका लागि भएका राष्ट्रियता, लोकतन्त्र र जनजीबिकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु । जसको कुर्वानीका कारण अधिकार सम्पन्न स्थानीय सरकार प्रमुखको रुपमा यस गरिमामय सभामा सम्बोधन गर्न पाएको छु ।

(४) मिति २०७६ फागुन २१ गतेका दिन गा.पा.को कार्यक्रमको लागि जादै गर्दा जिप दुर्घटनामा परी राष्ट्र सेवक कर्मचारी (किरण रिमाल) को मृत्यु भएको र उपाध्यक्ष लागाएत घाइते अन्य कर्मचारीहरुको शिघ्र स्वास्थ्य लाभको कामना र मृतकको परिवार प्रति हार्दिक समवेदना साथै मृत आत्माको चिर शान्तीको कामना व्यक्त गर्दछौं ।

(५) विश्वव्यापी रुपमा फैलिएको कोभिड—१९ को महामारीबाट स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पपूर्ण दाजुभाई तथा दिदीवहनीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन

प्रति गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड १९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनु भएका सबै नेपाली दाजुभाई तथा दिदीवहीनीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

(६) कोभिड १९ को महामारीबाट सबै नागरिकलाई सुरक्षित राख्नको लागी गरिएको लकडाउनको पूर्ण परिपालना गर्नु भएकोमा धार्चेवासी सबैमा धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा अझ वढि सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकजुट भएर दृढताको साथ लाग्न र यस महामारीबाट बच्न सरकारले चाल्ने हरेक कदममा निरन्तर साथ र सहयोग पाई रहने विश्वास लिएको छु ।

(७) संकटको यस घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको क्रममा अग्रपंक्तिमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्वुलेन्स चालक लगायत राष्ट्र सेवक कर्मचारीको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिम पूर्ण यस परिस्थितिमा आ—आफनो तहबाट खटिनु हुने जनप्रतीनिधि, राजनीतक दल, सञ्चारकर्मी, व्यापारी, नागरिक समाज लगायत सबै संघ संस्था तथा व्यक्तिहरुलाई धन्यवाद व्यक्त गर्दै गाउँपालिकाले स्थापना गरेको कोभिड—१९ उपचार कोषमा स्वच्छिक रुपमा स्वास्थ्य सामाग्री, जिन्सी सामान तथा आर्थिक सहयोग गर्नु हुने सबैमा संघसंस्था एवं व्यक्तिहरु प्रति आभार प्रकट गर्दछु ।

(८) कोभिड १९ को महामारी र पछिको अवस्थाको लागि थप रणनीति र कार्ययोजना तयार गरी यस महामारीवाट रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, एकल महिला, गरिव तथा विपन्न वर्गका परिवार लक्षित स्वस्थ्य, शिक्षा, शिप विकास तालिम, आय आर्जन तथा रोजगारी सृजना हुने विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(९) धार्चे गा.पाले समावेशी विपद् जोखिम न्युनिकरण, व्यवस्थापन ऐन तथा नियमको अवलम्वन गरेको हुनेछ । भुकम्प पश्चातको सुरक्षित घर पुननिर्माण गर्न बाँकी रहेका संकटासन्न घर परिवारको लगत तयार पारी राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सहयोगी विकास साझेदारसँग समन्वय र सहकार्य गरी शत प्रतिशत घरहरुको पुननिर्मण कार्य सम्पन्न गरिनेछ ।

(१०) सुन्दर सुरक्षित समृद्ध धार्चे भन्ने सोच र लक्ष्यका साथ सेवा प्रवाह र समृद्धि हासिलका लागि गाउँपालिका निरन्तर कृयाशिल रहेको छ । संघिय सरकारको पहुँच बाट ज्यादै टाढा रहेता पनि आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध पक्षका बिकासको निम्ति सधैं समर्पित रहने प्रण गर्दै सुशासन, पारदर्शिता र जवाफदेहिता बिना बिकासको लक्ष्य चुम्न सकिन्न भन्ने अठोटका साथ धार्चे गाउँपालिकालाई समृद्व आर्कषक पर्यटकिय गन्तव्य र उत्कृष्ट स्थानीय तहकोरुपमा स्थापित गर्ने दिशामा अघि बढि रहेको स्मरण गराउन चाहन्छु ।

(११) धार्चे गाउँपालिका सधै प्रतिस्पर्धात्मक वहुदलिय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, बिविधताको सम्मान, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र निस्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायत लोक तान्त्रीक मूल्य र मान्यता प्रति प्रतिवद्ध रहेको कुरा अवगत गराउन चाहन्छु ।

(१२) स्थानीय सरकारको दृष्ट्रीकोण स्पष्ट छ, गन्तव्य निश्चित छ लक्ष्यहरु निर्धारित छन, नीति कार्यक्रम जनमुखि भएता पनि कार्यन्वयनमा कानुनी जटिल्ता र राष्ट्र सेवक कर्मचारीको फेरवदलले शत प्रतिशत परिणाम हासिल गर्न कठिनाई व्यहोरी रहेको छ, भने अर्को तिर जनताको घर दैलोको सरकारको रुपमा कार्य गर्दै जाँदा जना आकांक्षा र चाहनालाई संवोधन गर्न सहजता हुदै आएको छ । यी समस्या र चुनौतिहरुलाई अबसरमा रुपान्तरण गर्न जवाफदेहि, पारदर्शी र सुशासनलाई सस्थागत गर्दै स्थानीय सरकारको जिम्मेवारी र भुमिकालाई थप सशक्त पार्न हामी दृढ संकल्पित छौ ।

(१३) **"पछाडि कोहि पनि नछुटुन"** भन्ने पक्षलाई मध्ये नजर गर्दै जोखिममा रहेका तथा लक्षित वर्गलाई लक्षित हुने कार्यक्रम, दिगो, भुकम्प प्रतिरोधात्मक तथा अपाङ्गमैत्री भौतिक संरचना, आर्थिक वृद्धि, रोजगारी सृजना गर्ने योजनाहरुको छनौट र वजेट विनियोजन गर्दै टुक्रे तथा साना योजनाहरुलाई पूर्णरुपमा वन्द गरि समावेशी नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन र कार्यन्वयन गरि समावेशी अनुगमन र मुल्यांकन प्रणालीलाई पालिकाले अवलम्वन गरेको हुनेछ ।

उपस्थित सम्मानित उपाध्यक्ष ज्यू,
गाउँसभा सदस्यज्यूहरु,

(१४) भौगोलिक विषमताको वावजुद सिमित स्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने स्पष्ट दृष्ट्रिकोण, गन्तव्य र लक्ष्य सहित अगाडि वढि रहेको अवस्थामा कोभिड १९ को सामना गर्नु पर्दा गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका समग्र गतिविधि निकै प्रभावित भएका छन् । यस विषम परिस्थितिमा गाउँपालिकाले हासिल गरेको केहि महत्वपूर्ण उपलव्धीहरु सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

(१५) विधिको शासनमा आधारित पारदर्शी, जवाफदेहि, परिणाममुखि र नागरीकमैत्रि शासन व्यवस्था कायम गर्न थप महत्वपूर्ण कानुनहरु निर्माण गरिएको छ । हाल सम्म ६ ऐन, १९ कार्यविधि, २ नीति ७ निर्देशिका, नियमावली २, नीति २, विधेयक १, मापदण्ड १ निर्माण गरी सम्मानीत सभाले पास गरी गाउँपालिकाको काम कारवाहीलाई व्यवस्थित गर्दै आएको छ ।

(१६) स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे अनुसार धार्चे गाउँपालिकाको समग्र विकास तथा समृद्धिको लागि सुन्दर सुरक्षित समृद्ध धार्चे भन्ने दुरदृट्रिका साथ प्रथम पञ्च वर्षिय योजना,

खानेपानी तथा सरसफाइ गुरु योजना, गाउँपालिको समग्र अवस्थाको अध्ययन गरी गाउँपालिका पार्शव चित्र निर्माण, स्थानिय करको दर तथा दायरा र सम्भावनाहरुलाई अध्ययन गरी राजस्व सुधार कार्ययोजना निर्माण भई कार्यन्वयनमा रहेको, साथै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई संस्थागत गर्न लैङ्गिक उत्तरदायि वजेट कार्यन्वनको लागि लैससास परिक्षण सम्पन्न गरी कार्ययोजना निर्माण भएको र यसको कार्यन्वयनको लागि यो आ.व.को कार्यक्रममा विशेष व्यवस्था गरिने छ ।

(१७) स्थानिय तहको अवस्था, क्षमतामा देखिएका समस्याहरुको पहिचान गर्न संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले सञ्चालन गरेको स्थानिय सरकार संस्थागत स्वमूल्याङ्कन धार्चे गाउँपालिकाले सम्पन्न गरी गाउँपालिको वर्तमान अवस्था, क्षमता र देखिएका समस्याहरु समाधानको लागि रणनैतिक कार्ययोजना सहित प्रतिवेदन निर्माण भएको, सस्थागत स्वमूल्याङ्कनले औंल्याएको क्षेत्रगत समस्याहरु समेटी कार्य योजना निर्माण भई कार्यन्वनमा रहेको ।

(१८) स्थानिय सरकार सस्थागत स्वमूल्याङ्कनका १० विषयगत क्षेत्रहरूमा गाउँपालिकाले १०० मा ५५.९५ अङ्क प्राप्त गरी कम्जोर अवस्थामा रहेको देखिन्छ, यसको अलावा, स्थानीय तहको जिम्मेवारी बढ्दै जाँदा स्थानीय सरकारको कार्य क्षमताको आँकलन गर्न थप २ वटा बिषयगत क्षेत्र (सार्वजनिक उत्तरदायित्व र ज्ञान व्यवस्थापन) थप गरिएकोमा यसमा पनि ५०.५० अङ्क प्राप्त गरी कम्जोर अवस्थामा रहेको र सुधारको लागि समस्या रहेका क्षेत्रहरु (Gap) को पहिचान गरी क्षमता अभिवृद्धिका लागि रणनीतिक कार्ययोजना तयार गरिएको छ भने कम्जोर अवस्थावाट सुधार गरी उत्कृष्ट स्थान हासिल गर्नको लागि कार्य योजनाको अक्षेरस कार्यन्वयन गर्नु पर्ने छ ।

(१९) धार्चे गाउँपालिकाले मित्र राष्ट्र चिन र भारतको भ्रमण गर्न सफल भएको र विभिन्न देशहरुसँग भगिनी सम्वन्ध विस्तारको लागि आवश्यक पहल भई रहेको छ । यसै सन्दर्भमा विभिन्न देशका लगानी कर्ताहरु लगानी गर्न इच्छुक रहेको र यस कार्यको लगि आवश्यक पहल भइरहेको छ । साथै वेलायती राजदुतावासमा राजदुतसँग भएको छलफल अर्थपूर्ण रहेको छ, भने विकास साझेदारहरुसँगको सहकार्यले धार्चेको विकास निर्माणको लागि निरन्तर सहयोगको प्रतिवद्धता व्यक्त भएको छ । दुर्घटनामा परी घाइते भएका जनप्रतिनीधि, कर्मचारीको उपचारर्थ र मृतक परिवारको राहतको लागि ठुलो सहयोग रकम उपलव्ध गराउन एकजुट हुनु हुने संघ सस्था र व्यक्तीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

(२०) भुकम्प पश्चातको पुननिर्माणको कार्यहरु (नीजी आवास, सामुदायिक संरचनाहरुको) सञ्चालन भइ रहेको छ एक घर एक धारा कार्यक्रम अन्तरगत खोर्ला, रुन्चेत, भिरकुना, लिदिङ र गुम्दामा यहि आ.वमा सम्पन्न भई सञ्चालनमा आएको छ भने यसै आ.व.मा नयाँ ११ कि.मि.नयाँ सडक निर्माण भएको र ६५ कि.मि सडक स्तरउन्नती भएको छ । माछीखोला—सिङ्गला, दुङ्ला—जगत पद मार्ग ४ कि.मि गोरेटो वाटो निर्माण भएको, माछीखोला—लप्सीवोट, माछीखोला—खोर्ला गाउँ सम्मको ७.८ कि.मि घोडेटो वाटो र यारु वगर—गणेश हिमाल पर्यटन पदमार्ग निर्माण भएको ।

(२१) ५ वटा सामुदायिक भवन निर्माण, गाउँपालिकाको केन्द्रको फोहर व्यवस्थापनको लागि डम्पीङ्ग साइटको निर्माण, आरुघाट, चुमनुव्री र धार्चे गा.पा.मा रहेको खच्चड व्यवस्थापन गर्नको लागि माछीखोलामा खच्चड सेल्टर निर्माण भएको । हिमाल आरोहीहरुको नाममा (स्वर्गीय इमान गुरुङ) र भिसिहरुको स्मरणमा (स्वर्गीय थमन गुरुङ) को प्रतिमा सहितको पार्क निर्माण, २ मेगावटको जलविद्युत निर्माण सम्पन्न भई सञ्चालनमा आएको । आलु खेतिको २ वटा व्लक र ४ पकेट, वेसार खेती १, अलैंची खेती १, ५ वटा साना सिंचाई, इजराइली मोडलको ग्रिन हाउस निर्माण, सामुदायिक होम स्टेहरुको निर्माण तथा सञ्चालनमा रहेको ।

(२२) गुम्दा, लामावेशी र लापु वेशीमा ३ वटा विद्यालय भवनको निर्माण कार्य सुरुवात भएको, गैर आवसीय नेपाली संघको आर्थिक सहयोगमा लाप्राक मोडेल भिलेजको निर्माण कार्य अन्तिम चरणमा रहेको र वाँकी रहेका केहि निर्माण कार्य गा.पाको नेतृत्वमा सम्पन्न गर्ने गरी हस्तान्तरण भई सञ्चालनमा रहेको, काशीगाउँमा वहुउद्देश्यि सभाहल निमार्ण, १५ शैयाको सामुदायिक अस्पताल, गा.पाको प्रशासनिक भवन निर्माण कार्य अगाडि वढेको छ भने धार्चे मिनिरल वाटर प्लान्टको निर्माण कार्य भइ रहेको र ३ वटा जलविद्युत निर्माणाधिन रहेको ।

(२३) गाउँपालिकाको आफ्नै लोगो र मोवाइल एप्स निर्माण भएको । गा.पा स्तरीय पर्यटन समिति, साँस्कृतिक समिति, शिक्षा समिति गठन भएको ।

(२४) विश्व भरी फैलिएको महामारी कोभिड १९ को संक्रमितहरुलाई राख्ने क्वारिन्टीनको निमार्ण र संक्रमितहरुको उपचारको लागि कोभिड १९ उपचार कोष स्थापना गरी सञ्चालनमा ल्याएको । साथै संक्रमण फैलिन नदिनको लागि गरिएको वन्दा वन्दीको प्रभावले दैनिकीमा असर परेको लक्षित समुहहरु (वृद्ध, सुत्केरी, असङ्गगठित क्षेत्रका मजदुर) लगायत व्यक्तिहरुको दैनिकी सञ्चालनको लागि गा.पा र विभिन्न संघ सस्थाहरुसँगको सहकार्यमा राहत वितरण गरिएको । वन्दा वन्दीमा परेका विदेशी पर्यटकहरुलाई प्रशासनसँग समन्वय गरी सवारी पासको व्यवस्थापन गरिएको र विदेशवाट आएका व्यक्तिहरुको PCR जाँच गर्ने व्यवस्था गरीएको ।

## क. आर्थिक विकास क्षेत्र तर्फ

“हामी सवै वन्नु छ एकता जैविक खेति आजको आवश्यकता”

(२५) कुल क्षेत्रफलको ९.८३% मात्र कृषि योग्य भूमि रहेको यस गा.पा.को सिमित कृषिक्षेत्रको असिमित उपयोग गरी आत्म निर्भर वन्ने चुनौती रहेकोछ । कृषि योग्य जमिनमा पहुँच नरहेका लगभग १७% घर परिवारको खाद्य असुरक्षालाई हटाउने नीति अनुसार कृषियोग्य जमिनमा पहुच वृद्धि गर्दै ७८ हे. सिंचित जमिनलाई वृद्धि गरी यो आ.व.मा ९० हे. पुर्‍याइनेछ ।

(२६) स्थानिय हावापानी र माटो सुहाउँदो कृषि उत्पादन (मकै, आलु, गहुँ, जौ, भटमास, कोदो) आदिको उत्पादनमा वृद्धि गर्नको लागि जग्गा वर्गिकरण, लागत सङ्कलन गरि खाद्य सुरक्षामा विशेष जोड दिइने छ भने यसको लागि आवश्यक वजेट विनियोजन गराइने छ । रैथाने मकैको सट्टा उन्नत जातको मकै विउको प्रयोग, आलु, गहुँ, जौ, भटमास र शिलाम खेतिको क्षेत्र विस्तार गरि कृषिमा आत्मर्निभर गर्ने नीति लिदै हरियो तरकारी उत्पादन र प्रयोगको प्रतिशतलाई १ वाट वढाएर १० वनाइने छ ।

(२७) स्थानिय उत्पादन र खपतमा विशेष जोड दिइने छ । गाउँपालिका भित्र उत्पादित वस्तुहरुको व्यवस्थापन र वजारीकरणको लागि "एक वडा एक कृषि सहकारी निर्माण" गरी उत्पादित वस्तुहरुको व्यवस्थापन र वजारीकरणको लागि कोष खडा गरी अनुदानको व्यवस्था गरिने छ ।

(२८) उत्पादनमा हाम्रो साथ वस्दीन म खाली हात भन्ने नारालाई सफल वनाउन गाउँपालिकामा रहेको सवै खाले जमिनलाई खेर जान नदिने, पहिचान भएका खाद्यय असुरक्षित क्षेत्रहरुको लागि कृषि योग्य भूमिको पूर्ण उपयोग, परम्परागत कृषि पेशालाई आधुनिकिकरण गर्दे अर्गानिक खेतीको लागि विभिन्न निकायहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ ।

(२९) भूमि उपयोग विहिन रहने स्थीतिको अन्त्य गर्ने नीति अनुसार कृषिमा आत्मनिर्भर वन्नको लागि व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्न जग्गा भाडामा उपलव्ध गराइने छ । व्यवसायिक सिप सिकेका, वैदेशिक रोजगारीवाट फर्किएका श्रम शक्तिहरुको तथ्याङ्क सङ्कलन गरी व्यवसाय सञ्चालनको लागि युवा लक्षित अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।

(३०) वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकुल असर पर्न नदिन तथा दीर्घकालिन कृषि विकासको निम्ति रासयनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै माटो परिक्षण, बाली उपचार शिविर सञ्चालन, जैबिक तथा वनस्पतिक बिषादी निर्माण पद्धतिमा जोड दिईनेछ भने होटल तथा पसलहरुमा अर्गानिक उत्पादनको ट्रेड मार्क राखी व्यबसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ ।

(३१) कृषिलाई व्यवसायिक तथा आधुनिकीकरण गर्नको लागि कृषिजन्य पुर्वाधार निर्माण गरिनेछ । धार्चे गाउँपालिकाको गुम्दालाई आलु सुपर जोन र अन्य सवै वडाहरुलाई पकेट एरिया वाट व्लकमा स्तर उन्नती गरीने छ । उत्पादित स्थानिय कृषि वस्तुहरुको खपतको लागि एक वडा एक हाटबजारको व्यवस्था गरिनेछ भने सङ्कलन, भण्डारणको लागि प्रत्येक वडा र गा.पा केन्द्रमा एक भण्डारण केन्द्र निर्माण गरि उत्पादनको सुरक्षा गरिनेछ ।

(३२) एक वस्ती एक व्यबसायिक अर्गानिक खेती उत्पादनको लागि (बेसार अदुवा, फापर, तरुल, सखरखण्ड, कफि, सिस्नु, अल्लो, अलैंची, कागती, केरा भुँइकटहर, एवोकाडो, जापानीज कटुस, स्याउ, किम्वु, टिम्मुर, दाँते ओखर, तरकारी खेती) कृषक समुहहरुलाई विउ खरिदमा ५०% अनुदान प्रदानलाई

निरन्तरता दिइने छ । धार्चेमा उत्पादित स्थानिय वस्तुहरुको व्राण्डीङ, प्रचार प्रसार र वजारीकरण गर्ने व्यवस्था मिलाइने छ भने स्थानिय उत्पादीत समाग्रीहरु समेटि कृषि वुलेटिन, फेल्क्स, तथा कृषि डायरी निर्माण गर्ने नीति लिएको छ ।

(३३) माटोको स्वस्थता कायम गरी उर्वराशक्ति दीर्घकालीन रुपमा कायम राख्न गोठेमल, कम्पोष्ट मल, जैविक मल, हरियो मल, पशुमुत्र सङ्कलन र प्रयोगमा जोड दिईनेछ । गाउँपालिका भित्रै प्रमुखरुपमा उत्पादन हुने नगदेवाली (आलु, भटमास, सिलाम) आदिमा गाउँपालिकालाई आत्म निर्भर बनाइनेछ भने यि नगदे वालीको विउ विजनको उत्पादन केन्द्रकोरुपमा विकास गरिने छ ।

(३४) उच्च मूल्यका सम्भावित जडिवुट्टिहरु, मौसमी तथा वेमौसमि फलफुलहरुको व्यावसायिक खेति गर्नको लागि कृषक समुहहरुलाई आवश्यक अनुदानको व्यवस्था मिलाईने छ । जडिवुट्टि, मौसमी तथा वेमौसमि फलफुलहरुको व्यावसायिक खेतिको लागि आवश्यक पर्ने सिंचाइको व्यवस्था गरिनेछ भने सिंचाइको सम्भावना नभएको ठाउँमा थोपा सिचाई, पलाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

(३५) धार्चेको भुमिको खण्डीकरण गरी वाँझो राख्ने चलनलाई निरुत्साहित गर्न भुमी बैंकको स्थापना गरी खण्डीकरणमा आधारित खेती प्रणालीमा जोड दिई कृषि उत्पादकत्व बढाउन सिंचाईको व्यवस्था मिलाईनेछ । साथै भुमि सम्बन्धि अभिलेखलाई बिद्युत्तिय प्रणालीमा व्यवस्थित गर्दै अध्यक्ष कृषि पर्यटन परियोजना सञ्चालनमा ल्याई हरेक वर्ष उत्कृष्ट कृषक पुरस्कार वितरण गरिने छ ।

**पशुपक्षीं विकास**

(३६) यस गा.पा.मा पशु तथा पक्षींको विकास तथा व्यवसायिक उत्पादनको प्रचुर सम्भावना भएता पनि ४९% घर परिवार मात्र जिविको पार्जनकालागि मात्र यस पेशामा संलग्न रहेका छन । यस अवस्थालाई सुधार गरि पशु तथा पक्षींको विकास तथा व्यवसायिक उत्पादनलाई विशेष प्राथमिक्ता दिने निति लिदै व्यवस्थित र व्यवसायिक पशुपक्षीं पालनमा अनुदानको व्यवस्था गरी मासु, अण्डा तथा दूधमा अत्मर्निभर हुने नीति लिनेछ ।

(३७) भेडा तथा वाख्राको व्यवसायिक उच्च महत्व रहेका हुल्चुक, केरौजा, भिरकुना, गुम्दामा बाख्रापालन व्यवसायलाई व्यवस्थीत गरिने छ । लाप्राक, सिडला, उहियाको लाक्पाल क्षेत्रमा भेडा पालन व्यवसाय सञ्चालनको लागि विशेष कार्यक्रम सञ्चालन गर्दै वाख्रा तथा भेडाको पकेट क्षेत्र बनाईने छ ।

(३८) लापुबेसी, खानीबेसी, खोर्ला बेसी, काशिगाउँ बेसीमा गाई तथा भैंसी पालन कार्यक्रम बिस्तार अन्तगत कृतिम गर्भधान (AI) साथै पशु नश्ल सुधार कार्यक्रम, माछिखोला, खोर्ला बेसी, लाप्राक, काशिगाउँमा माछापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

(३९) विश्व व्यापीरुपमा फैलिएको कोभिड'१९ ले विदेशबाट फर्केका युवाहरु र रोजगारी गुमाएका तथा वेरोजगार युवा, गरिब, विपन्न, दलित तथा एकल महिलाहरुलाई लक्षित गरी पशुपक्षीं कार्यक्रम (वाख्रा, भेडा, गाई, भैंसी वंगुर, ब्रोइलर तथा लेस, खरायो) अन्तगत कोषको व्यवस्था गरी व्यवसाय सञ्चालनको लागि अनुदानको व्यवस्था गरिने छ ।

(४०) धार्चे गाउपालिकालाई मासु तथा अण्डामा आत्मानिर्भर बनाउनको लागि लाप्राक, गुम्दा, केरौजा, उहिया र लापुमा कुखुरा, कालीज पालनमा जोड दिई उपयुक्त स्थानमा ह्याचरी सेन्टर स्थापना तथा गाउँपालिका भित्र कुखुराको चल्ला उत्पादन गर्नको लागि अन्य निकायसँग सहकार्य गरीनेछ ।

(४१) बाहिरबाट अवैध रुपमा भित्रने पशु पंक्षीलाई रोक लगाई स्थानीय पशु नश्ल सुधारको माध्यमबाट पशुपालन व्यवसायिलाई प्रोत्साहन गरी धार्चे गाउँपालिकाको बजार क्षेत्रमा आवश्यकता अनुसार पशु बधशालाको निर्माण गरी स्वच्छ र स्वस्थ्य मासु खपत गराईनेछ ।

(४२) एकिकृत पशुपालन कार्यलाई प्रोत्साहन गरी पानीको अभाव रहेको खर्कहरुमा आकासे पानी संकलनको लागि प्लास्टीक पोखरी, सामुहिक गोठ, चरन खर्क आदिको निर्माण गर्दै लगिनेछ भने कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रत्येक वडाको टोल टोलमा पुर्‍याइनेछ ।

(४३) धार्चे गाउपालिका भित्र उत्पादित भेडाको उनको सङ्कलन गरी उनसँग सम्वन्धित व्यवसाय, मौरी व्यवासाय सञ्चालन गर्नको लागि कृषि समूहमा आवद्ध व्यवसायिक कृषिफर्मलाई अनुदानको व्यवस्था गरिने छ ।

(४४) धार्चे भित्र रहेका सहकारीलाई उत्पादनशिल क्षेत्रमा जोड्दै नियमन, व्यवस्थापन र शसक्तिकरण गरिनेछ, साथै निजि व्यवसाय, लघुवित्त, सहकारी, कृषक समूहलाई लगानी र व्यवसाय विस्तार गर्न उचित वातावरणको व्यवस्था गराईनेछ ।

**उद्योग, व्यापार तथा पर्यटनः**

(४५) संघ तथा प्रदेश सरकारासँगको साझेदारीमा गा.पा.मा १ उद्योग ग्राम स्थापना गरीनेछ । धार्चेमा लगानी मैत्री वातावरणको सिर्जना गरि उच्च र तत्काल आर्थिक प्रतिफल प्राप्त हुने क्षेत्रमा निजि र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ । व्यवसायीहरुलाई व्यवसाय सञ्चालन गरेवापत विशेष अनुदान, करमा सहुलियत, विद्युत महसुलमा २० प्रतिशत छुटको व्यवस्था गरिने छ ।

(४६) लघु एवं घरेलु उद्योगको संरक्षण, विस्तार तथा क्षमता अभिवृद्धिको लागि विशेष अनुदानको व्यवस्था गरिने छ । स्थानिय सिपलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन, विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । भने यस कार्यक्रम

अन्तगत (भिर मह, शिलाजित, वोल्याह चिया लागाएत स्थानीय खाद्यन्नको उत्पादन, ठेकी, आरान, अल्लो प्रसोधन तथा राडीपाखीलाई) वजारीकरण गरिने छ ।

(४७) प्रकृति र संकृतिको खुल्ला संग्रहालय धार्चे" भन्ने पर्यटकीय व्राण्डलाई साकार पार्नको लागि पर्यटन गुरु योजना निर्माण गरिने छ । प्रचुर पर्यटन सम्भावना रहेको पर्यटक स्थलहरुको पहिचान तथा आवश्यक पूर्वाधार निर्माण गरी आन्तरीक र वाह्य पर्यटनलाई प्रर्वद्धन गरिनेछ ।

(४८) पर्यटन मार्फत ग्रामिण जीवन पद्वतिमा सुधार ल्याउन लाप्राकको एकीकृत वस्ती लगायत सवै वडाहरुमा आन्तरीक तथा वाह्य पर्यटन विस्तार, विकास गर्नको लागि सामुदायिक होम स्टे सञ्चालन गरिने छ र प्रत्येक होम स्टेहरुमा स्थानिय प्राङगारिक खाध्यन्नको प्रयोग, कोशेलिकोरुपमा हस्तकला तथा अन्य सामाग्रीहरुको अवश्यक व्यवस्था मिलाइने छ ।

(४९) तातोपानी देखि लापुवेशी सम्म ¥याफ्टीङ सञ्चालनको लागि ३ वटा वोट खरिद गरि सञ्चालन गरिने छ । स्थानिय तथा वाह्य पर्यटक लक्षित गरी धार्चे विच निमार्ण, काशीगाउँवेशीमा र हुलचुकमा रक क्लाइम्वीङ केन्द्र, लाप्राकमा स्की प्रतियोगिता स्थलहरु निर्माण गरीनेछ भने माछीखोला र अन्यठाउँहरुमा पर्यटक सुचना केन्द्रको निर्माण गरिनेछ ।

(५०) आन्तरीक तथा वह्य पर्यटन विकास र प्रवद्धनको लागि नौली खोला झरनामा क्यानोनिङ र चिङकार सम्म पुग्ने रेलिङ सहितको वाटो निर्माण गरिने छ । धार्चे र चुमनुव्री गापाको संयुक्त आयोजनामा २०२१ को मे ९ मा मनास्लु डे र मनास्लु अल्ट्रा म्याराथोन सञ्चालन गरिने छ ।

(५१) धार्चेको पर्यटन विकास, प्रचार प्रसार गर्नको लागि सम्वद्ध निकायहरु (संघ, प्रदेश र पर्यटन वोर्ड) सँग समन्वय गरिनेछ । ग्रामिण पर्यटनको प्रचार प्रसार र विकास गर्नको लागि स्टोरी टेलिङ भिडियो प्रतियोगिता तथा कार्याशाला सञ्चालन गरिने छ ।

(५२) पर्यटन क्षेत्रको विकासको लागि नीजि क्षेत्रको लगानि आकर्षित गर्न गा.पा.ले विशेष वातावरण र कार्यक्रम सञ्चालन गरिनेछ भने पर्या पर्यटन, साहसिक पर्यटन, प्यारा ग्लाइडिङ तथा साँस्कृतिक, धार्मिक पर्यटनको विकास र प्रवर्द्धनको लागि विशेष कार्यक्रम सञ्चालनको लागि (संघ, प्रदेश र पर्यटन वोर्ड) समन्वय गरिनेछ ।

(५३) स्थानीय विशिष्ट पहिचान झल्कीने खालका उत्पादनहरुको प्रवर्द्धन गर्दै आय आर्जनका लागि उपयुक्त स्थानहरुमा कोशेली घरको स्थापना गरिनेछ ।

(५४) पाहुना देवता सरह हुन्छन भन्ने पक्षलाई साकार वनाउन पर्यटन तथा होटल व्यवसायिहरुलाई नैतिक पर्यटन शिक्षा, अतिथि सत्कार, सरसफाई सम्वन्धि चेतना अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

(५५) धार्चे गाउँपालिका भित्रको लोक भाषा, संस्कृति, कला, धार्मिक तथा साँस्कृतिक स्मारक र पुरातात्विक महत्वका स्थलहरु संरक्षण सम्वद्र्धन तथा अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था गरी संरक्षण, संभार, पुनर्निर्माण उत्खन्न सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जूमा गरिनेछ ।

(५६) स्थानीय रुपमा परम्परादेखी मनाउदै आएको चाडपर्वहरु मकै बिवाह, घाटु नाच, छिज्यू नाच, माने नाच, नारा पर्व, आलु महोत्सब, तमु लोसार, तातो पानी जात्रालाई महोत्सवको रुपमा मनाई वाह्य, आन्तरिक पर्यटक प्रवद्र्वन गर्न नीति ल्याईने छ ।

(५७) भूकम्प इपी सेन्टर ट्रकिङ ट्रेललाई चलचित्र छायाँङ्कन स्थल वनाउनको लागि आवश्यक पूर्वाधार निर्माण गर्नको लागि वजेट विनियोजन गरिनेछ ।

(५८) लाप्राक NRNA Village मा जिप फल्यार, वोल्डीङवाल, ह्यारी हिलमा पूर्व राजकुमार ह्यारीको अद्र्ध कदको शालिक र माछीखोलामा रहेको तातोपानी कुण्डलाई व्यवस्थित गराउनेछ । धार्मिक तथा साँस्कृतिक महत्व वोकेका सम्पदाहरुको पुनर्निर्माणमा जोड दिदै खोर्लाकोटको मर्मत संभार गरिने छ । लप्सीवोटको देउराली डाँडाको निर्माणधिन पार्कमा गोठालोहरुको साङकेतीक मुर्ति निर्माण गरिने छ ।

**ख. सामाजिक विकास तर्फ**

**शिक्षाः**

(५९) शिक्षा नै मानव संशाधन विकासको आधार स्तम्भ भएकोले समतामुलक, समावेशी तथा गुणस्तरीय शिक्षामा सवैको पहुँच पुर्‍याउनु अनिवार्य भएकोले धार्चेको ७१% साक्षरता दरमा वृद्धि गरी ९०% प्रतिशत पुर्‍याउने गा.पाको शिक्षा नीति रहेको छ ।

(६०) कोभिड(१९ वाट विद्यालयमा परेको प्रभाव एवं भविष्यमा आउन सक्ने अन्य संभावित जोखिमले पारेको प्रभावलाई मध्ये नजर गर्दै वैकल्पिक र अनलाइन शिक्षण सिकाई पद्वतिको पनि सुत्रधार गरिनेछ ।

(६१) धार्चे गाउपालिका भित्र असल पठन संस्कृतिको विकास गर्न आधुनिक सुचना तथा सञ्चार प्रविधियुक्त धार्चे गाउँपालिका स्तरीय सुविधा सम्पन्न पुस्तकालय निर्माण गरिनेछ ।

(६२) धार्चेको भुगोललाई मध्यनजर गर्दै तोकिएको मापदण्डका आधारमा थप विद्यालयहरुमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र तथा स्याहार केन्द्र स्थापना एवं सञ्चालन को व्यवस्था मिलाइनेछ ।

(६३) स्थानीय तहले सञ्चालन गर्ने स्तरमापन परीक्षाहरु, आधारभुत तह उत्तिर्ण परीक्षा एवं माध्यमिक तह उत्तिर्ण परीक्षा थप मर्यादित तथा उपलब्धिमूलक बनाउन आवश्यक बजेट विनियोजन गरिनेछ । विद्यालयको नाममा रहेको खाली जग्गाहरुको उपयोग गरी विद्यालयलाई आत्मर्निभर वनाइने छ ।

(६४) शिक्षामा प्रविधी मैत्रि गुणस्तरी शिक्षा आजको आवश्कता भन्ने नाराका साथ अन्तराष्ट्रिय शिक्षा दिवसको अवसर सामुदायिक विद्यालयवाट SEE मा 3.5 GPA भन्दा वढी प्राप्त गर्ने विद्यार्थिलाई १ वर्षको छात्रवृतिको व्यवस्था गरिने छ । अभिभावक विहिन वालवलिकाहरुको लागि वेसाहाराको साहार धार्चे गा.पा.भन्ने कार्यक्रम अन्तर्गत प्रति विद्यार्थि रु ५०० को दरले छात्रावृत्ति प्रदान गरिनेछ ।

(६५) शिक्षण कार्यलाई मर्यादित वनाउनको लागि विद्यालय कक्षा कोठालाई मोवाइल रहित वनाइने छ, विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ । प्रत्येक वर्ष अन्तराष्ट्रि साक्षरता तथा राष्ट्रिय शिक्षा दिवसको अवसरमा उत्कृष्ट मा.वि. र आ.विलाई पुरस्कृत गरिनेछ ।

(६६) सवै विद्यालयलाई वालमैत्री तथा अपाङ्गमैत्री वनाइने छ भने मेगा विद्यालय स्थापना गरी गुणस्तरीय शिक्षाको अवसर विस्तार गरिने छ भने स्थानिय भाषाको पाठ्यक्रम वनाई पठन पाठन गराइनेछ ।

(६७) विद्यालय शिक्षामा जिवनोपयोगी व्यवहारिक ज्ञान सिकाउने शैक्षिक कार्यक्रमहरु आवद्ध गरिने छ । विद्यालय शिक्षा पुरा नगरेका किशोर किशोरीहरुलाई विद्यालय केन्द्रित व्यवसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ ।

(६८) शिक्षाको स्तर उन्नतीको लागि अंग्रेजी भाषालाई प्राथमिक्तामा राखेर अध्यापन गराइने छ । निजि क्षेत्र र सामाजिक संघ संस्थाको समन्वय र सहकार्यमा विद्यालय शिक्षा, स्वास्थ्य शिविर, प्रशिक्षण, योगा जस्ता कार्यक्रमलाई अभियानकैरुपमा सञ्चालन गरिनेछ ।

(६९) धार्चे गाउँपालिकाको प्रत्येक वडा वाट एक एक जना जेहेन्दार तथा गरिब बिद्यार्थीहरुलाई मणिकाम मा.वि मा ३ वर्षे वन बिज्ञान अध्ययन गर्न छात्रवृत्ती प्रदान गराईनेछ भने वन विज्ञान अध्ययपनको लागि थप २ दरवन्दीको लागि अनुदानको व्यवस्था गरिनेछ ।

(७०) सामुदायिक बिद्यालयका विज्ञानका विद्यार्थि र शिक्षकहरुलाई स्थानिय श्रोत साधनको सदुपयोग गरी विज्ञान सामाग्री निर्माण गर्न तालिम सञ्चालन गराईनेछ ।

**स्वस्थ्य र पोषणः**

(७१) विश्व व्यापिरुपमा फैलिएको कोरोना भाइसर (कोभिड —१९) को महामारी र आउन सक्ने अन्य सक्रमणलाई मध्ये नजर गर्दै अत्यन्त आवश्यक औषधी, समाग्री तथा पूर्वाधार निर्माणको लागि विशेष वजेटको व्यवस्था गरिने छ ।

(७२) विश्व व्यापिरुपमा फैलिएको कोरोना भाइसर (कोभिड —१९) को महामारी प्रभावित भई स्वदेश तथा विदेशमा रहेका व्यक्तिहरुलाई फुङ्गी खोलामा वनाइएको मास क्वारीन्टीनमा राख्ने व्यवस्था गरिने छ भने गा.पा भित्रका संक्रमितहरुको व्यवस्थापनको लागि सम्वन्धित वडाहरुको विद्यालयलाई प्रयोग गरिने छ ।

(७३) गाउँ फर्कन चाहाने धार्चे वासीको उद्धार र उद्धार पश्चात राखिने क्वारीन्टीन तथा अन्य पक्षको व्यवस्थापनको लागि गाउँपालिकाले आवश्यक वजेटको व्यवस्थापन गर्ने छ भने खानेपानी तथा शौचालय निर्माणको लागि विकास सझेदारहरुसँग सहकार्य गरिनेछ ।

(७४) धार्चेमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन संघिय सरकारले लागु गरेको वन्दा वन्दीको पूर्ण पालना गर्दै ४ R (Record, Recognize Regulate and Reporting) को नीति कार्यान्वनको लगि टोल विकास समिति, स्वमसेवक दस्ताको परिचालन गरिने छ भने कोभिड १९ प्रतिकार्य योजना तथा कोभिड—१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा सञ्चालन सम्वन्धि कार्यविधि, २०७७ को पूर्ण पालना गरिने छ ।

(७५) स्वास्थ्य सेवा सर्व सुलभ र गुणस्तरीय वनाउन स्वास्थ्यसँग सम्वन्धित नीतिगत व्यवस्था गरीनेछ, स्वास्थ्य क्षेत्रमा रहेको समस्यालाई सुदृढीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइ स्वास्थ्य सेवालाई पहुँच योगय र गुणस्तरीय वनाउन न्युनतम स्वास्थ्य सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गरीनेछ।

(७६) संक्रमण र सरुवा रोगको प्रेषणको व्यवस्था गर्न सम्वन्धित निकाय सँग समन्वय र सहकार्य गरी थप एम्वुलेन्स सेवाको व्यवस्था गरीने छ । उक्त एम्वुलेन्स मै corona infected विरामी लाई transport को कार्य गराइने छ र corona रोगको कारण मृत्यु भएका लाई व्यवस्थित विर्सजन गर्नको लागि शव वाहन र सुरक्षित स्थानको प्रवन्ध गरीने छ ।

(७७) केन्द्र सरकारले लिएको शुन्य होम डेलिभरी नीति अवलम्वन गर्दै गा.पा. अन्तगर्तका स्वास्थ्य चौकीहरुमा आधारभुत र आकस्मीक मातृ तथा नव शिशु स्याहार सेवालाई सुदृढीकरण गरी स्वस्थ्य सस्थामा सुत्केरी हुने प्रतिशतलाई वढाई ८०% पुर्‍याइनेछ । यसको लागि आवश्यक वजेटको व्यवस्था र हाल कार्यरत नसिङ स्टाफ लाई SBA तालिम दिइने छ ।

(७८) धार्चे गा.पा. भौगोलिक रुपले अति विकट रहेकोले जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशु जीवन रक्षाको लागि एयर लिफटीङ गरी सुविधा सम्पन्न अस्पताल सम्म पुराउने प्रवन्ध मिलाइने छ । गर्भवती शिशु वालवालिका किशोरी र अपाङ्गता भएका व्यक्तिहरुको पोषण स्थितीमा सुधार ल्याउन नेपाल सरकार, विकास साझेदारहरुसँगको सहकार्यमा साझेदारीमा वहुक्षेत्रिय पोषण सुधार कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

(७९) धार्चे गा.पा. लाई पुर्ण खोपयुक्त कायम राख्न खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ । धार्चे सामुदायिक अस्पतालको भवनको निर्माण, आपुर्ति व्यवस्थापन केन्द्र लगायतका विस्तृत आयोजनाको प्रतिवेदन तयार गरीनेछ । गा.पा.को १५ शैयाको अस्पताल निर्माण कार्यलाई छिटो सम्पन्न गरी सेवा सुचारु गराउन आवश्यक वजेट विनियोजन गरीने छ ।

(८०) माछीखोला स्वास्थ्य चौकीलाई र हुल्चुक सा.स्वा.ईलाई गुणस्तरीय सेवा प्रदान गर्नकोलागि आवश्यक वजेट व्यवस्थापन गरीने छ । धार्चे गा.पा.को सम्पुर्ण वडालाई लक्षित गरेर माछीखोला स्वास्थ्य चौकीलाई १ जना ल्याव असिस्टेन्ट सहितको प्रयोगशालाको व्यवस्था गरीनेछ । प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक स्वस्थ्य चौकीमा विद्युत, इन्टरनेट, SBA, implant, IUCD, MA जस्ता तालिम प्राप्त स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ ।

(८१) नेपाल सरकारको समन्वयमा सवै नागरीकलाई आगमी ३ वर्ष भित्रमा स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गरिनुका साथै कोरोना विमालाई पनि जनस्तर सम्म पुर्‍याइनेछ ।

(८२) नसर्ने रोगको रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि एकीकृत जनस्वास्थ्य प्रवद्र्वन कार्यक्रम संचालन गरीनेछ । तथा दीर्घ रोग (क्यान्सर, मुटुरोग, मृगौला रोग, सिकलसेल, एनिमिया, स्पाइनल इन्जुरी, पर्किन्सन, अल्जाइमर र हेड इन्जुरी) को उपचारको लागि अति गरीव विरामीलाई रु. ३०००० का दरले थप सहयोग गरीनेछ ।

(८३) आर्थिक अभावका कारण स्वास्थ्य सेवा तथा उपचार पाउन नसकेका अपाङ्ग, असहाय अशक्त, गर्भवती, सुत्केरी ज्येष्ठ नागरीक र विपन्न वर्गको उपचारको लागि प्रदान गर्दै आएको सुविधालाई निरन्तरता दिइनेछ ।

(८४) आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता लागि अत्यावश्यक औषधी स्वास्थ्य उपकरण तथा सामाग्री आपुर्तीको व्यवस्था मिलाइनेछ भने विरामी पर्दा स्वास्थ्य सस्थामा जाने प्रति व्यक्ति प्रतिश्त वढाई ९० पुर्‍याइने छ ।

(८५) ग्रमिण ULTRA SOUND-USG सेवा तालिमको लागि वजेट व्यवस्थापन गराइने छ । धार्चे गाउपालिकाको प्रयासमा नेपाल परिवार व्यवस्थापनको नारालाई साकार पार्न IUCD, vasectomy,

mini lap, दाँत, आँखा, पाठेघर सम्वन्धी शिविर सञ्चालनको लागि विकास सझेदारहरुसँग सहकार्य गरिनेछ ।

(८६) आवश्यक औषधीहरु तथा मेडिकल सामाग्री खरीद र व्यवस्थापनको लागि थप वजेटको व्यवस्था गरिने छ भने व्यायाम, योग जस्ता मानसिक स्वास्थ्य सम्वन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रीत वनाई अभियानकोरुपमा शिविर सञ्चालन गरिने छ ।

(८७) कोरोना भाईरस रोकथाम तथा जनचेतना मुलक घुम्ति स्वास्थ्य शिविर संचालन तथा आधारभुत औषधि निशुल्क वितरण कार्यक्रम, कोरोना भाईरसको महामारीलाई ध्यानमा राख्दै जोखिममा रहेका वर्गहरुलाई आवश्यक मनोसामाजिक परामर्श घुम्ति शिविर सञ्चालन गरिनेछ ।

(८८) साधारण रोग तथा औषधी (झाडापखाला, ज्वरो जीवनजल, सिटामोल) नभएकै कारण धार्चे बासीको जीवन अकालमा मृत्य हुन नपरोस भन्दै स्वास्थ्यमा सवैको समान र सहज पहुँचको लागि सङ्कटासन्न वर्ग लक्ष्ति गरी औषधी उपचार कोष स्थापना गराइनेछ ।

(८९) आफ्नो बिरामी स्वास्थ्यलाई लगानी गर्नको सट्टा उल्टै धामी झाक्री झिकाई उनीहरुको चित्त बुझाउने धार्चेको परम्परागत रुढीवादी संस्कृतिलाई परिमार्जन गर्न स्वास्थ्यकर्मि धामि झाँक्रि र अन्य आम समुदाय विच वडा लेवलमा जनचेतना, सडक नाटक, गोष्टि तथा स्यामोनिजम फेस्टीवल आयोजना गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

**युवा तथा खेलकुदः**

(९०) उत्पादनशील युवा मुलुकको विकासका संवाहक हुन, धार्चेमा लगभग ४३ प्रतिशत युवाहरु वसोवास गर्छन भने जम्मा ७ प्रतिशत युवाहरु वैदेशीक रोजगारीमा सम्लग्न भएको पाइन्छ तर ज्यादै थोरै युवाहरु रोजगार र व्यवसायमा संलग्न छन यहि युवाशक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी समृद्ध धार्चे निर्माण गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।

(९१) धार्चे गा. पाको हालको वेरोजारीको संख्या २.४% रहेकोमा उक्त संख्यालाई आगामी आवमा १% मा घटाउने लक्ष्यका साथ युवा उद्यमशिलता अभिवृद्धी गर्न रोजगारी सिर्जना गरी गाउँपालिकाको आर्थिक समृद्धि हासिलको लागि युवा लक्षित कार्यक्रम सञ्चालन गर्न कोष खडा गरी अनुदानको व्यवस्था गरिनेछ ।

(९२) गाउँपालिकामा रहेको वेरोजगार तथा श्रमशक्तिको तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गरी सुचना प्रणालीमा राखिनेछ । युवाहरुको दक्षता, क्षमता अभिवृद्धि र उनिहरुको क्षमताको आधारमा उद्यमशीलता विकास, समाजिक कार्यमा संलग्न गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(९३) खेलकुद पूर्वाधारको विकास मार्फत धार्चेमा लुकेर रहेको प्रतिभाहरुको उजागर गरी राष्ट्रिय तथा अन्तराट्रिय स्तरमा चिनाउने खेलाडीहरुको उत्पादनको लागि कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि गाउँपालिका स्तरीय १ खेलकुद मैदानको निर्माण गरी ूधार्चेको लागि खेलकुद, स्वास्थको लागि खेलकुदू भन्ने मुल नाराका साथ वार्षिक पालिका स्तरिय अध्यक्ष कप खेलकुद गतिविधिहरु सञ्चालन गरीनेछ । युवाका समस्याहरुलाई वहसकोरुपमा उठान गर्न मिनी युवा संसदको नमुना अभ्यास गराइनेछ।

(९४) हाल धार्चे गाउँपालिकामा रहेका ३७६ जना प्राविधिक सिप युक्त दक्ष व्यक्तिहरु भएकोमा ०७८ साल सम्ममा ४२५ जना पु—याउने लक्ष्य लिईने छ । त्यसको निम्ति युवा उद्यमिहरुको सञ्जाल निर्माण गरी उद्यमीहरुको अनुभव आदान प्रदान तथा प्रोफाईल तयार गराईने छ ।

**लैससासः**

(९५) लैससास नीती अनुरुप वार्षिक नीति तथा कार्यक्रम वनाइ लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरिनेछ । योजना कार्यन्वन, अनुगमन, मूल्याङ्कनमा लैससासको अक्षरस पालना गरिनेछ र नेपाल सरकार पक्ष भएका अन्तराट्रिय सन्धी सम्झौताको स्थानिय स्तरमै कार्यन्वयनको व्यवस्था गरिनेछ।

(९६) वालविवाहको अहिलेको अवस्था र प्राप्त तथ्याङ्क (वलविवाह गर्ने ५६३ जोडी) रहेको र यस्तो किसिमको विवाहले धेरै क्षेत्रमा नकरात्क असर पार्ने भएकोले यसको अन्त्यको लागि विशेष कार्यक्रम (कानुनी सारक्षरता तथा स्वस्थ्य सम्वन्धी) सञ्चालन गरिने छ । कानुनले विवाह गर्ने तोकेको उमेर भन्दा अगाडि विवाह गर्ने व्यक्तिहरुको परिवारलाई राज्यले प्रदान गर्ने सेवा सुविधावाट वञ्चित गरिने छ।

(९७) पालिका स्तरीय एकल महिला तथा अपांगता भएका व्यक्तिका लागि सहयोग तथा कार्यक्रमको संचालनको लागि कोष स्थापना गरीनेछ । जोखिममा रहेका समुदायलाई उपलव्ध राज्यका सेवा, सुविधा, नीति, कानुन र संवैधानिक व्यवस्था र पालिकाले उपलव्ध गराउने सेवा तथा सुविधाका सम्वन्धमा, लैंगिक तथा सामाजिक समावेशीकरणको वारे सचेतिकरण गरिनेछ ।

(९८) वञ्चितीकरण र भेदभावमा परेका वर्ग (महिलाहरु) को सशक्तीकरण गरी सामाजिक, आर्थिक विकासको मूल प्रवाहीकरणमा ल्याइनेछ ।

(९९) सङ्कटासन्न बर्गको आयआर्जनका लागि शिप विकास तालिम सञ्चालन गर्न विकास साझेदारहरुसँगको सहकार्यमा सञ्चालन गरिने छ भने शिप सिकेका तथा जिविकोपार्जनका लागि सहयोग पाएकाहरुलाई समेटि सामुहिक व्यवसाय सञ्चालनको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

(१००) गाउँपालिका भित्र रहेका दलित, जेष्ठ नागरिक, एकल महिला र फरक क्षमता भएका व्यक्तिहरुको लागि परिचय पत्र वितरण, सेवा प्रदानमा सहजता तथा अवसरमा समान पहुँचको सुनिश्चित गरिने छ । उनिहरुको हकहित तथा संरक्षणको लागि गा.पा. तथा वडा स्तरीय सञ्जाल निमार्ण गरिनेछ।

(१०१) महिला तथा बालबालिकामाथी हुने घरेलु हिंसा, सार्बजनिक स्थानमा हुन हिसां, श्रमशोषण बालबिवाह, मानव बेचबिखन, शारीरिक तथा मानसिक यातना लगायतका सबै खालका हिसांको अन्त्य गरिनेछ । हिसां पीडित महिला तथा बालबालिकाको लागि मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानुनी उपचार जस्ता सेवा निःशुल्क उपलब्ध गराउदै लगिने व्यवस्था मिलाईने छ ।

(१०२) अवसरवाट वञ्चित नेतृत्वतहवाट टाढा, विकासको मुल प्रवाहमा आउन नसकेका वालवालिका एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका समुहलाई विकासको मुल प्रवाहिकरणमा समेट्ने नीति लिइनेछ ।

(१०३) गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेसीकरण नीति अनुसार महिला तथा पछाडी परेका वर्गहरुको सशक्तिकरणको लागि नेतृत्व विकास, उद्यमशिलता र सीप विकासको साथै धार्चेको आह्वान नारीको उत्थान मुलभावका साथ "उपाध्यक्ष महिला उत्थान कार्यक्रम" सञ्चालन गरिनेछ।

(१०४) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच, सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने नीति लिइने छ ।

**खानेपानी तथा सरसफाईः**

(१०५) खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार भएकोले स्वच्छ तथा सुरक्षित खानेपानीको सहज पहुँच सवै घर परिवारमा पुर्‍याउने र पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्ने अभियानका साथ सरसफाई गुरुयोजना अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

(१०६) एक घर एक खाने पानी धारा नभएको ठाउँमा एक घर एक धारा खाने पानीको निति लिनेछ, साथै सफा सुरक्षित खानेपानीको Lab Test गरी शुद्ध पिउने पानीको व्यवस्थापन गर्नको लागि विकास सझेदारहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

(१०७) सबै घरमा व्यवस्थित चर्पीको व्यवस्था गरिने छ भने चर्पी वनाउन नसक्ने अति विपन्न परिवारलाई अनुदानको व्यवस्था गरिने छ पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान, चेतना अभिवृद्धि फोहोर विसर्जनको लागि वस्ती तथा वजारहरुमा वास्केट तथा कन्टेनरको व्यवस्था र सर्वाजनिक धारा अनि शौचालयको व्यवस्था गरिने छ ।

## ग. पूर्वाधार विकास तर्फ

### स्थानिय यातायातः

(१०८) विकासका पूर्वाधार मध्ये यातायात सबै भन्दा महत्वपूर्ण पूर्वाधार हो । यो दिगो वातवरण मैत्री हुनु पर्दछ भने धार्चेको भुगोल अनुसार सडक गुरुयोजना वनाइ यसको आधारमा स्थानिय सडकको निर्माण गरिनेछ ।

(१०९) आवधिक योजनाले सडक विकासमा लिएको लक्ष्य अनुसार गा.पा.ले वाह्रै महिना सञ्चालन हुने सडक निर्माणमा विशेष जोड दिइनेछ भने नयाँ सडक निर्माण तथा सञ्जाल विकास गर्नको लागि प्रदेश तथा संघ सकारसँग सहकार्य गर्ने नीति लिइनेछ ।

(११०) धार्चे गाउँपालिकाको प्रथम पञ्च वर्षीय योजनाले औल्याएका यातायात क्षेत्रगत योजनाहरुको योजना बैंक वनाई रणनीतक तथा गाउँपालिका केन्द्रवाट सबै वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सर्वयाम सडक सञ्जालको विस्तार गर्न नीति लिइनेछ । ति योजनाहरुको DPR तयार गरी लगानी गरिनेछ । यो आ.व.मा स्याम्राङ भिरकुना सडक, माछीखोला—सिङला, माछीखोला—लाप्रक जोड्ने कृषि सडकको लागि DPR गरिनेछ ।

(१११) बुढी गण्डकीको दोभान (हुल्चुक र माछिखोला केरौजाबेसी) जोडिने मोटरेवल पुलको DPR गरिनेछ भने उहिया निर्माणाधिन सडकलाई आवश्यक वजेट व्यवस्था गराइने छ ।

(११२) नयाँ ट्र्याक खोल्ने कार्यलाई दुरुत्साहन गर्दै मौजुदा (अधुरो) सडक सम्पन्न तथा स्तरोन्ती र नियमित मर्मत सम्भारको लागि वजेट व्यवस्थापन गरिनेछ । सडकको दीगो व्यवस्थापनका लागि सडक उपभोक्ता समिति तथा सडक मर्मत सम्भार कोष खडा गरी स्थानीय सडक यातायात शुल्क, सडक वोर्ड वाट प्राप्त रकम समेत यसमा जम्मा गरिने छ ।

(११३) धार्चे भुगोल अनुसार सडकको संम्रक्षणको लागि सडक दायाँ वायाँ फलफूल, अम्रिसो, डालेघाँस आदि वायो इन्जिनियरिङ प्लाण्ट लगाई स्थानीय समुदायको आय आर्जन सँग आवद्ध गराइने छ ।

(११४) वैकल्पिक पर्यटन पद मार्ग निर्माण र सञ्चालित पद मार्गहरु तथा भूकम्प वाट क्षति भएका पदमार्गहरुको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गरिनेछ । पर्यटनको सम्भावित ठाउँहरुको पहिचान गरी पर्यटन वोर्ड, प्रदेश तथा अन्तर स्थानिय निकायसँगको सहकार्यमा पदमार्ग निर्माण गरिनेछ भने गा.पा.मा रहेको सम्पूर्ण काठेपुललाई आगामि ५ वर्ष भित्र विस्थापित गरि झोलुङ्गे पुल निर्माण तथा पुरानाको मर्मत सम्भार गरिनेछ ।

## आवास, भवन तथा वस्ती विकास

(११५) घर विहिन परिवारलाई आवसको सुनिश्चितता गरीनेछ, सङ्कटासन्न घर परिवारको आवस पुननिर्माणको लागि प्राधिकरण, गा.पा. र विकास साझेदारहरुसँगको सहकार्य अनुदानको व्यवस्था गरीनेछ।

(११६) संघ सरकार सँगको सहकार्यमा गाउँपालिकाको प्रशासनिक भवन निर्माण गरिने छ भने आगामी ३ बर्ष भित्रमा सबै वडा कार्यालय भवन निर्माण गर्ने लक्ष्य अनुसार यो आ.वमा ४ वटा वडा (४,५,६,७) कार्यलयको भवन निर्माण गरिने छ ।

(११७) गाउँपालिकाको केन्द्र माछीखोलामा सुविधा सम्पन्न सभाहल र कर्भड हल निर्माण गरिनेछ ।

(११८) जोखिम युक्त वस्तीहरुको पहिचान तथा नक्साङ्कन गरि वस्ती विकास योजना वनाई लागु गरिने छ । छरिएर रहेका एवं जोखिममा परेका वस्तीहरुलाई एकीकृत बस्तीमा स्थानान्तरण गरी लापुवेसीलाई सेटेलाईट सिटीको रुपमा विकास गर्न DPR वनाईने छ ।

(११९) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा अन्य संस्थाहरु वाट भैइ रहेको पुनर्निर्माण कार्यलाई गति दिई शीघ्र सम्पन गर्न सहजीकरण गरिने छ भने अव वन्ने भवनहरुलाई भवन आचार संहिता (Building Bylaws) तर्जुमा गरी लागु गरिने छ ।

(१२०) संघीय र प्रादेशिक सरकार र निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा विद्युत उत्पादनको पथ संभाव्यता अध्ययन गरिने छ । थप विद्युत उत्पादन गर्नको लागि निजि क्षेत्रलाई लगानिको लागि उपयुक्त वातावरण सृजना गरिनेछ भने सञ्चालित माइक्रो हाइड्रोलाई पूर्ण क्षमतामा उपयोग गरिने छ ।

(१२१) इन्फरमेसन टेक्नोलोजिले संसारलाई जति नजिक बनाए पनि धार्चे गा.पा.मा यस्ता पुस्ताहरु छन जसलाई मोवाईल चलाउन आउदैन, रेडियोमा आएको समाचार बुझदैनन् ती पुस्ताहरुको निम्ति परम्परा देखि चलि आएको सूचना सम्प्रेशण गराउन कटुवाल प्रथा (ग्यावो) लाई निरन्तरता दिनको लागि एक वाड एक कटुवाललाई पारिश्रमिक दिने कार्यक्रमलाई निरन्तता दिईने छ ।

## घ. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

(१२२) २०७२ सालमा गएको महा भुकम्पको असर र वारम्वार गइ रहने पराकम्प, पहिरोलाई मध्ये नजर गर्दै जोखिम क्षेत्रहरुको अध्ययन गरी नक्साङ्कन गरिने छ भने रेड जोनमा परेको क्षेत्रहरुको पहिचान तथा पहिचान भएका वस्तीको स्थानान्तरण, एकीकृत वस्ती विकासको लागि संघ, प्रदेश ल्च्ब्, अन्य स्थानिय निकाय, विकास साझेदारहरुसँग आवश्यक समवन्य गरीनेछ । उच्च जोखिममा रहेका क्षेत्रहरुलाई प्राथमिक्ताका आधारमा क्रमश व्यवस्थापन गर्दै लगिने छ ।

(१२३) सम्भावित दुर्घटना र जनको क्षती हुन नदिन प्रत्येक वडामा कम्तीमा एक हेली प्याड निर्माण गरिने छ भने आवश्यक्ता अनुसार वडाका बस्तीहरुमा थप हेली प्याड निर्माण गरिनेछ ।

(१२४) भुकम्पको इपिक सेन्टर धार्चे गा.पा. भएकोले विपद व्यवस्थापनलाई प्रभावकारी वनाउन गत वर्ष स्थापना गरिएको विपद व्यवस्थापन कोषमा थप वजेट विनियोजन गरीनेछ ।

(१२५) विपद प्रतिकार्य योजना वनाई विपद व्यवस्थापन पूर्व तयारी सामाग्री खरिद, विपद व्यवस्थापन समिती, कर्मचारी पुनतार्जकी तालिम तथा जलवायु परिवर्तन यसको असर सम्बन्धी समुदाय स्तरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

(१२६) बिपदका दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी बैज्ञानिक नक्शांकन र आधुनिक प्रविधिको प्रयोग गरी विपदको पूर्व सूचना प्रवाह गरी विपदबाट हुने क्षति न्यूनिकरण गरिनेछ ।

(१२७) वढ्दो जङ्गल फडानीलाई मध्येनजर गर्दे वातावरण संरक्षणलाई टेवा पुर्‍याउने उद्देश्य राखी सम्वेदनशील वर्गलाई लक्षित गरी विजुली हिटर खरीदमा अनुदान दिइनेछ ।

(१२८) यो आ.व.मा गाउँपालिका भरी ७ लाख वरावरको वृक्षरोपण गरिने छ यसको लागि लाप्राक, काशीगाउँ र खानीवेशीमा जडिवुटि तथा वन नर्सरी स्थापना गरिने छ । पशुपञ्छी विकासको लागि विमा र कर्जा सहजिकरणको व्यवस्था गरिने छ ।

(१२९) डढेलो सल्काउने, खुला शिकार गर्ने, जडिबुटी चोरी गर्ने जस्ता अपराधि पत्तालगाई सुराकी गर्ने व्यक्तिलाई रु.१०,००० नगद पुरुस्कार उपलब्ध गराइनेछ तथा उजुर कर्ताको सम्पूर्ण विवरण गोप्य रुपमा राख्ने व्यवस्था मिलाईनेछ ।

(१३०) सफा वातावरण स्वच्छ जिवन अभियानलाई अगाडि वढाइ (विद्यालय लगायत सार्वजनिक स्थल, सडक छेउ छाउमा) वायो इन्जिनियरिङ तथा वृक्षारोपण गरी वातावरणमैत्रि विकासलाई प्रवर्द्धन गरिनेछ ।

(१३१) व्याक टु द नेचर नारामा आधारित एक घर एक करेसावारी तथा फलफूल, एक गाउँ एक बगंैचा, एक विद्यालय एक उद्यान तयार गरि सुन्दर धार्चे निर्माण गरिनेछ ।

(१३२) विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा धार्चे गापालाई धुँवा तथा प्लाष्टिक मुक्त बनाउने अभियान संञ्चालन गरिने छ । साथै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्बन्धी जनचेतनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

(१३३) जडिवुट्टि, कृषि वन तथा गैरकाष्ठ वन पैदावारको व्यावसयिक खेति तथा उत्पादन वृद्धिलाई प्रोतसाहन गरिने छ, जडि वुट्टि पहिचान संकलन, वजार प्रवद्धर्न एवं अर्ध प्रशोधनको लागि केन्द्र स्थापना गरिने छ ।

(१३४) जलचरहरुको संक्षण र संवद्र्धन गरी पारिस्थितिकिय प्रणालीलाई संरक्षण गर्न पोखरी, नदी तथा खोलामा करेन्ट तथा विष प्रयोग गर्नेलाई आवश्यक कारवाही गरीनेछ ।

(१३५) गाउँपालिकाको सामुदायिक वन समिति तथा वातावरण सँग सम्वन्धित संस्थाहरुको सहकार्यमा वन संरक्षण तथा गैर काष्ठमा आधारित जडिवुट्टिहरुको खेती गर्ने कार्यक्रमलाइ विस्तार गरिने छ ।

(१३६) पानीका मुहान, जलाधार क्षेत्र, जैविक विविधताको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ । कार्वन उत्सर्जन कटौती वापतका क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

## ङ. संस्थागत तथा सुशासन विकास तर्फ

(१३७) प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, जवाफदेहि प्रशासनिक तथा निर्वाचित संयन्त्र वनाई शुसाशनको पूर्ण अभ्यास गर्दै समृद्ध धार्चे निर्माण गर्नको लागि क्षमता अभिवृद्धि गर्न आवश्यक भएकोले विषयगतरुपमा आबश्यक विशेष तालिम, अभिमुखीकरण, अध्ययन भ्रमण आदि जस्ता जनशक्ति विकास कार्यकालागि बजेट विनियोजन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ भने सबै कर्मचारीहरुलाई सेवाकालीन तालीम उपलब्ध गराइनेछ ।

(१३८) गापाले लिएको डिजिटल धार्चे भन्ने नीति सफल वनाउनको लागि जनप्रतिनिधि तथा कर्मचारी हरुलाई सुचना प्रविधिमा जानकार तथा अभ्यस्त वनाउनको लागि आधारभुत कम्प्युटर तालिम सञ्चालन गरिने छ । सुचनाको हकलाई सुनिश्चित गर्नकोलागि गा.पा.को सुचना प्रणालीलाई सुदृढीकरण गर्दै लगिनेछ ।

(१३९) गाउँपालिका अन्तर्गत कार्यरत स्थानीय तहका स्थायी, अस्थायी एवं करार सेवामा कार्यरत कर्मचारीहरुको सेवाको आर्थिक सुरक्षा एवं स्थायित्वको निम्ति कर्मचारी कल्याण कोष निरन्तरता दिइ कर्मचारी तथा जन प्रतिनीधीहरुको सामुहिक दुघर्टना विमा गरिनेछ ।

(१४०) सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण लगायतका सार्वजनिक उत्तर दायित्वका औजारहरुको प्रयोग गरी जवाफदेही शासन प्रणालीको स्थापना गरिनेछ ।

(१४१) नागरिकलाई आवश्यक सुचना तथा सेवामा सहज पहुंच पुर्‍याउनका लागि (सहजिकरण गर्न) गाउँ कार्यपालिकाको कार्यालयमा नागरिक सहायता कक्ष स्थापना गर्दै लगिने छ भने सेवा प्रवाहको

गुणस्तरका वारेमा सेवाग्राहीको गुनासो, सुझाव, प्रतिक्रिया आदि समयमा थाह पाउनका लागि टेलीफोन, सामाजिक सञ्जाल, सुझाव पेटिका जस्ता प्रविधिहरुको प्रयोग गरिनेछ ।

(१४२) गाउँपालिका तथा वडाहरुवाट सम्पादन हुने कार्यहरु तथा सेवा प्रवाहलाई वढी प्रभावकारी, मितव्ययी तथा आन्तरिक नियन्त्रण व्यवस्था मजवुत वनाउन र कार्य जिम्मेवारीमा थप प्रष्टता ल्याई कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउन कर्मचारी, विषयगत संयोजकहरुको कार्यजिम्मेवारी वनाइ लागु गरिनेछ ।

(१४३) संगठन तथा प्रशासन सम्वन्धी आवश्यक कानुन तथ नीतिगत व्यवस्था गरि नियमितरुमा विषयगत शाखा, वियषयगत संयोजक, अध्यक्ष, उपाध्यक्षसँगको वैठक (मासिक र चौमासिक) रुपमा सञ्चालन गरीनेछ ।

(१४४) गा.पा.को आवश्यक कानुन निर्माण र न्यायिक समितिको सहजिकरणको लागि संघ सरकारले कर्मचारीको व्यवस्थापन नगरे सम्म करारमा कर्मचारीको व्यवस्थापन गरिनेछ ।

(१४५) भौगलिक अवस्थालाई मध्येनजर गर्दै नागरिकता, जेष्ट नागरिक, एकल महिला लागाएतका कार्ड तथा अन्य सुविधा प्रदान गर्नको लागि वडागतरुपमा शिविर सञ्चालन गरि सेवा र सुचना प्रविधी नागरिकलाई सहज र सुलभ रुपमा सार्वजनिक सेवामा पहुँच पुर्‍याइनेछ ।

(१४६) अन्य स्थानिय निकायले सम्पादन गरेको नमुना विकासका मोडेलकोे अध्ययन भ्रमण गरी सिकाइ कार्यन्वयन गर्नको लागि अध्ययन अवलोकन भ्रमण तथा आवश्यक अनुसन्धानमुलक कार्य संञ्चालनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

(१४७) आन्तरीक राजस्व सुधार कार्ययोजना अनुसार करको दायरा र दरहरुको अक्षरस पालना गरिनेछ भने अहिले सम्म नआएका व्यवसायी, व्यक्ति तथा फर्महरुलाई अनिवार्य करको दायरामा ल्याइनेछ, कर संकलनको लागि सम्भावना रहेका करका दायराहरुको लागि आवश्यक कार्यविधि निर्माण गरि सञ्चालन गरिनेछ ।

(१४८) सवै भन्दा धेरै राजस्व संकलन गर्ने वडा र कर्मचारीलाई विश्ेष पुरसकारको व्यवस्थ गरिनेछ भने सवै भन्दा धेरै कर तिर्ने व्यक्ति-फर्मलाई कार्यविधि बनाई कर छुटको व्यवस्था गरिनेछ । विभिन्न आधारमा छुट्याइने वडागत वजेट एउटा महत्वपूर्ण आधार राजस्व संकलनलाई आधारमानि वार्षिक वजेट लागि छुट्याइनेछ । भने वडाकार्यालय व्यवस्थापन गर्न प्रत्येक वडालाई आवश्यक वजेट विनियोजन गराइनेछ ।

(१४९) खरिद गुरुयोजना अनुसार वार्षिक खरिद योजना वनाई खरिद प्रकृलाई अगाडि वढाइने छ भने योजना कार्यन्वयनको लागि वार्षिक योजना वनाइ लागु गरिनेछ । साथै मलेप प्रतिवेदनले औल्याएको वेरुजुलाई अन्त्य गर्दै लगिनेछ ।

(१५०) धार्चे गाउँपालिकाको प्रोफाइलाई सम्भव भए सम्म वार्षिकरुपमा अध्यवधिक गरिदै लगिने छ भने संकलित तथ्याङ्क (प्रत्येक घर धुरी सहितको व्यक्तिगत विवरण) विद्युतिय प्रणालीमा राखिने छ ।

(१५१) प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यन्वयन गर्नको लागि हामि सवैको साथ सहयोग र जिम्मेवारीवाट मात्र सम्भव छ । यि नीति तथा कार्यक्रमको कार्यान्वनवाट उच्चदरको आर्थिक वृद्धि हाँसिल हुनेछ, महामारीको असर न्युन गर्दै आर्थिक सामाजिक क्षेत्रमा थप गतिशील हुनेछ, पारस्परिक सम्मान  र अवसर सहित सामाजिक न्याय कायम हुनेछ, सुन्दर सुरक्षित समृद्ध धार्चे निर्माणको लक्ष्य पूरा गर्न योग्दान पुग्नेछ भने यी नीति तथा कार्यक्रमको कार्यन्वयनमा धार्चे गाउँपालिकालाई सवैवाट सकृय सहयोग हुने विश्वास व्यक्त गर्दछु । अन्त्यमा, मुलुकको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, नीजि, सहकारी, सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईहरु, धार्चेको विकासमा सहयोग पुर्‍याउने विकास साझेदारहरु र गैर आवासीय नेपाली समुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जय धार्चे ,

## २.३. अनुमानित व्यय र श्रोत व्यवस्थापन :

आन्तरिक आय, संघ तथा प्रदेश सरकारबाट हुने वित्तिय हस्तान्तरण, राजस्व बाँडफाँड, ऋण आदि ।

| क. स. | विवरण | रकम |
|---|---|---|
| १ | संघीय वित्तीय समानिकरण | ९०४००,००० |
| २ | संघीय सशर्त अनूदान | १२३१००००० |
| ३ | संघीय समपुरक अनुदान | २४०००००० |
| ४ | संघीय राजश्व बाँडफाँड | ७४७८०२१० |
| ५ | संघीय विशेष अनुदान | ५०००००० |
| ६ | प्रदेश वित्तीय समानिकरण | १२२८१००० |
| ७ | प्रदेश राजश्व बाँडफाँड | २६१८००० |
| ८ | प्रदेश शशर्त अनुदान | ३०००००० |
| ९ | प्रदेश समपुरक अनुदान | ७०००००० |
| १० | आन्तरिक आम्दानी | ३०००००० |
| ११ | अल्याह आ.व ०७६।०७७ | ३६५७५००० |
| **जम्मा** | | **३८१७५४२१०** |

## खण्ड ३ : वार्षिक विकास कार्यक्रम

| चालु खर्च बजेट २०७७।०७८ | | | |
|---|---|---|---|
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **बजेट(रु. हजारमा)** | **कैफियत** |
| चालु खर्च | | | |
| १ | पारिश्रमिक कर्मचारी | २१६९५।९५४ | २११११ |
| २ | पारिश्रमिक पदाधिकारी | ६००० | २१११२ |
| ३ | पोशाक कर्मचारी | ६०० | २११२१ |
| ४ | स्थानीय भत्ता | ३००० | २११३१ |
| ५ | महंगी भत्ता | ७०० | २११३२ |
| ६ | कर्मचारीको बैठक भत्ता | ३०० | २११३४ |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०० | २११३५ |
| ८ | अन्य भत्ता | ५५० | २११३९ |
| ९ | पदाधिकारी बैठक भत्ता | ३०० | २११४१ |
| १० | पदाधिकारीअन्य सुबिधा | २१० | २११४२ |

| | | | |
|---|---|---|---|
| ११ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २००० | २१२१२ |
| १२ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २०० | २१२१३ |
| १३ | कर्मचारी कल्याण कोष | १००० | २१२१४ |
| १४ | पानी तथा बिजुली | १५० | २२१११ |
| १५ | संचार महसुल | १५०० | २२११२ |
| १६ | सार्वजनिक उपयोगिताको सेवा खर्च | १०० | २२११३ |
| १७ | इन्धन (पदाधिकारी) | ४०० | २२२११ |
| १८ | इन्धन (कार्यालय प्रयोजन) | ४०० | २२२१२ |
| १९ | सवारी साधन मर्मत खर्च | १२०० | २२२१३ |
| २० | बिमा तथा नवीकरण खर्च | ४०० | २२२१४ |
| २१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३०० | २२२२१ |
| २२ | मसलन्द तथा कार्यालय सामाग्री | ३००० | २२३११ |
| २३ | इन्धन - अन्य प्रयोजन | १५० | २२३१४ |
| २४ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २००० | २२३१५ |
| २५ | गुरुङ भाषा पुस्तक प्रकाशन | १००।२८१७१ | २२३१५ |
| २६ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १००० | २२४१२ |
| २७ | करार सेवा शुल्क | ९४०० | २२४१३ |
| २८ | कर्मचारी तालिम खर्च | १००० | २२५११ |
| २९ | प्रकृतिमैत्रि शिक्षण तालिम | ३१५।६६३८६ | २२५१२ |
| ३० | सार्वजनिक सुनवाइ कार्यक्रम वडा नं २ | १०० | २२५१२ |
| ३१ | सुचना प्रविधि क्षमता विकाश सम्वन्धी तालिम | २४६ | २२५१२ |
| ३२ | को भि ड १९ जनचेतना कार्यक्रम | १७७।६८९५३ | २२५१२ |
| ३३ | विभिन्न तरकारी विउ वितरण तथा कृषि प्रदशनी कार्यक्रम | ३३०।११३२७ | २२५१२ |
| ३४ | सार्वजनिक सुनवाइ कार्यक्रम वाड न ६ | ८४।८२१०१ | २२५१२ |
| ३५ | युवा उद्यमि क्षमता अभिवृध्दि | ७७।८१९५१ | २२५१२ |
| ३६ | मेलमिलाप पुन्रताजकी तालिम | ३५० | २२५१२ |
| ३७ | अनाथ बालबालिका शसत्तिकरण | ५४ | २२५१२ |
| ३८ | उपभोत्ता समिति तथा योजना छनोट सम्वन्धी तालिम | ३०० | २२५१२ |
| ३९ | शिलाइ बुनाइ तालिम उहिया | २०० | २२५१२ |
| ४० | संकटासन्न वर्गलाइ व्यवसायिक हस्तकला तालिम | ४०० | २२५१२ |
| ४१ | दलित क्षमता अभिवृध्दि | १०० | २२५१२ |

| | | | |
|---|---|---|---|
| ४२ | जलवायु परिवर्तन अभिमुखिकरण कार्यक्रम | ८५ | २२५१२ |
| ४३ | सार्वजनिक सुनुवाइ कार्यक्रम वडा नं १ | १०० | २२५१२ |
| ४४ | लक्षित वर्गको लागी लोक सेवा आयोग तयारी कक्षा | २०० | २२५१२ |
| ४५ | महिला सीपमुलक तालिम संचालन | ३५० | २२५१२ |
| ४६ | माथिल्लो गाँउ स्याउ खेति बिस्तार | १५० | २२५२१ |
| ४७ | स्याउ किबी गोडमेल तथा फलफुल बिरुवा खरिद ढुवानी हुल्चुक | ४६६।९६४३ | २२५२१ |
| ४८ | कोशेली घरको निम्ति सामान उत्पादन | २०० | २२५२१ |
| ४९ | दाँते ओखर बिरुवा खरिद कार्यक्रम वडा नं १ | १८७।६९८३७ | २२५२१ |
| ५० | लोकल कुखुरा पालन | १३१।८९१५५ | २२५२१ |
| ५१ | अन्तराष्ट्रिय पर्यटन प्रबर्धन कार्यक्रम | ४५० | २२५२२ |
| ५२ | दाँत शिविर संचालन उहिया | १५० | २२५२२ |
| ५३ | गा पा स्तरीय तथा सातै वटा वडामा सार्वजनिक सुनुवाइ कार्यक्रम | ४०० | २२५२२ |
| ५४ | को भि ड १९ जनचेतना अभियान कार्यक्रम | २१५ | २२५२२ |
| ५५ | गाँउपालिकामा हुनसक्ने सवै प्रकारका विभेद दुर्व्यवहार जस्तै यौनजन्य जातीय र महिला हिंशानियन्त्रण कानुनी साक्षरता कार्यक्रम तथा नारी दिवस संचालन | २०० | २२५२२ |
| ५६ | जनप्रतिनिधी तथा कर्मचारी अध्ययन भ्रमण | १७७।६८९५३ | २२५२२ |
| ५७ | युवा चुनौति कोष | १००० | २२५२२ |
| ५८ | गुफा अध्ययन अनुसन्धान कार्यक्रम | १०० | २२५२२ |
| ५९ | नागरिकता घुम्ती शिविर | १०० | २२५२२ |
| ६० | लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका व्यत्ति र समुहहरुको आर्थिक विकाशको लागी उनिहरुको आवाश्यकतामा आधारित कार्यक्रम तथा वजेट कोषको व्यवस्था गर्ने | ५०० | २२५२२ |
| ६१ | विविध कार्यक्रम खर्च | २०० | २२५२९ |
| ६२ | अनुगमन, मूल्यांकन खर्च | ५००० | २२६११ |
| ६३ | भ्रमण खर्च | ३०० | २२६१२ |
| ६४ | हुल्चुक माछापालन | ३०० | २२७११ |
| ६५ | दलित जिविकोपार्जन बाखा खरिद | १०० | २२७११ |
| ६६ | किवी एवोकार्डो कागति वेर्ना खरिद | २३२।७९२४२ | २२७११ |
| ६७ | खोर्ला स्वास्थ्य चौकि व्यवस्थापन | ८२।२३९ | २२७११ |

| | | | |
|---|---|---|---|
| ६८ | विविध खर्च | ५००० | २२७११ |
| ६९ | दुङ्ला स्वास्थ्य चौकी सामान खरिद तथा व्यवस्थापन | २८०।५९७१५ | २२७११ |
| ७० | इ सि डी कक्षा व्यवस्थापन हुल्चुक | २६९।२४५९४ | २२७११ |
| ७१ | व्यवसायिक च्याउ खेती तथा मौरी पालन | ४०० | २२७११ |
| ७२ | हुल्चुक स्वास्थ्य सामाग्री खरिद | २०० | २२७११ |
| ७३ | वडा न १ विविध खर्च अनुदान | ३०० | २२७११ |
| ७४ | स्याउ खेती | ६०० | २२७११ |
| ७५ | जर्सी गाई खरिद तथा वितरण | १०० | २२७११ |
| ७६ | उहिया स्वास्थ्यचौकी व्यवस्थापन | १०० | २२७११ |
| ७७ | ड्रागन फ्रुट विरुवा खरिद | ९९।४०४३१ | २२७११ |
| ७८ | दाँते ओखर र बदाम विरुवा खरिद कार्यक्रम | ९२।८१९५ | २२७११ |
| ७९ | खोर्ला गाँउ होमस्टे व्यवस्थापन | १०० | २२७११ |
| ८० | मौरीपालन | ६०० | २२७११ |
| ८१ | संचार सामाग्री खरिद काशीगाँउ | ८० | २२७११ |
| ८२ | लोकल कुखुरा खरिद तथा वितरण | ११२।५४१४२ | २२७११ |
| ८३ | वडा नं ३ विविध खर्च अनुदान | ३०० | २२७११ |
| ८४ | खेलकुद सामाग्री तथा साउण्ड सिस्टम खरिद | २१२।०५२५३ | २२७११ |
| ८५ | वडा नं ७ विविध खर्च अनुदान | ३०० | २२७११ |
| ८६ | वडा नं ५ विविध खर्च अनुदान | ३०० | २२७११ |
| ८७ | गणेश हिमाल युवा क्लव सामाग्री खरिद | ८७।६९८३७ | २२७११ |
| ८८ | वडा नं ४ विविध खर्च अनुदान | ३०० | २२७११ |
| ८९ | बालबिकाश खाजा व्यवस्थापन | २४३।२३१०१ | २२७११ |
| ९० | लेकाली सिर्जनशिल युवा क्लव सामाग्री खरिद | ९७।३१७२७ | २२७११ |
| ९१ | किसान क्लव बीउ खरिद र मल खाडल | ३५० | २२७११ |
| ९२ | तरकारी बीउ तथा पाइप खरिद वडा नं ३ | १५० | २२७११ |
| ९३ | वडा नं ६ विविध खर्च अनुदान | ३०० | २२७११ |
| ९४ | स्वास्थ्य चौकि फर्निचर तथा वर्थिङ व्यवस्थापन | ३०० | २२७११ |
| ९५ | रयाफ्टिङ सामाग्री खरिद | २०० | २२७११ |
| ९६ | वडा २ विविध खर्च अनुदान | ३०० | २२७११ |
| ९७ | कालिज पालन | ५० | २२७११ |
| ९८ | सभा सञ्चालन खर्च | ८०० | २२७२१ |
| ९९ | गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | २९१८ | २५१११ |

| | | | |
|---|---|---|---|
| १०० | गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | ६९८०।७४४ | २५१११ |
| १०१ | गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | १७३८।२५६ | २५१११ |
| १०२ | गंगा कृषि फर्म व्यवस्थापन तथा बाख्रा खरिद | २०० | २५३१५ |
| १०३ | फोलोङ बहुउदेश्यीय बाख्रापालन खोर निर्माण तथा व्यवस्थापन | ३०० | २५३१५ |
| १०४ | जलदेवी कृषक समुह टिम्मुर खेती | २०० | २५३१५ |
| १०५ | नमोबुध्द कृषि फर्म भैसी खरिद अनुदान | १०० | २५३१५ |
| १०६ | दम्पाचेत कृषि समुह स्याउ खेतीको लागी अनुदान | १५० | २५३१५ |
| १०७ | दुङ्ला कृषि तथा पशुपन्क्षी फर्म सुन्तला खेतीकव लागी अनुदान | २०० | २५३१५ |
| १०८ | दोङ्ला तथा खेमराज कृषि तथा पशु पन्छी फर्म अनुदान | ५० | २५३१५ |
| १०९ | कोरोना तथा प्रकोप व्यवस्थापन कोष | ८००० | २७२१२ |
| ११० | औषधीखरिद खर्च | १९९० | २७२१३ |
| १११ | अन्य सामाजिक सहायता | ३०० | २७२१९ |
| ११२ | NRA को निजि आवाश पुननिर्माणको लिस्टमा पर्न नसक्ने संकटासन्न वर्गलाइ आवाश निर्माणका लागी सहयोग कोष निर्माण | ५०० | २७२१९ |
| ११३ | घरभाडा | १५०० | २८१४२ |
| ११४ | अन्य भाडा | ७०० | २८१४९ |
| | **चालु खर्च कार्यक्रमको जम्मा** | **११०३२३।५२५६** | |
| | **कुल खर्च जम्मा** | **२१७७२९।२१** | |
| स्वास्थ्य तर्फ | | | |
| १ | IUCD / र IMPLANT तालिम | ३५० | २२५१२ |
| २ | नसर्ने रोग पहिचान कार्यक्रम | २०० | २२५१२ |
| ३ | ग्रामिण अल्ट्रा साउण्ड USG तालिम | २५० | २२५१२ |
| ४ | आधारभुत महिला स्वास्थ्य स्वयम सेविका तालिम | ४०० | २२५१२ |
| ५ | SBA तालिम व्यवस्थापन | ३०० | २२५१२ |
| ६ | पोषण कार्यक्रम | ३०० | २२५१२ |
| ७ | कोल्डचेन रुम निर्माण | ४०० | २२७११ |
| ८ | ल्याव सेवा व्यवस्थापन | ४०० | २२७११ |
| ९ | स्वास्थ्य सामाग्री खरिद | ४०० | २२७११ |
| | **जम्मा** | **३०००** | |
| **शिक्षा तर्फ** | | | |

| | | | |
|---|---|---|---|
| १ | गा पा स्तरीय अतिरिक्त कृयाकलाप एवम् प्रतिभा खोज अभियान कार्यक्रम तथा अन्य शैक्षिक कार्यक्रम संचालन व्यवस्थापन अनुदान | ४०० | २२५२२ |
| २ | स्तरमापन परीक्षाहरु आधारभुत तह उतीर्ण परीक्षा एवम् माध्यमिक तह उतीर्ण परीक्षा संचालन तथा व्यवस्थापन | ६०० | २२७११ |
| ३ | कक्षा ११ र १२ संचालन व्यवस्थापन चालु सहायता | १००० | २५१११ |
| **जम्मा** | | **२०००** | |
| **कृषि सेवा/पशु सेवा** | | | |
| १ | विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाइ पारिश्रमिक | ५० | २१११ |
| २ | कृषक स्तर घुम्ती तालिम जैविक तथा कम्पोष्ट तरकारी फलफुल र अन्य | १७५ | २२५१२ |
| ३ | च्याउ खेती सम्वन्धी १ दिने तालिम | २५ | २२५१२ |
| ४ | प्रदेशस्तर कृषक १ हप्ते तालिम | ३० | २२५१२ |
| ५ | सहायक स्तर १ हप्ते तालिम | ४५ | २२५१२ |
| ६ | विषादी खरिद तथा वितरण | ५० | २२५२१ |
| ७ | ग्रीन नेट जाली ८० प्रतिशत अनुदान वितरण | २०० | २२५२१ |
| ८ | व्यवसायिक तरकारी खेती बिस्तार बीउ वितरण ढुवानी सहित | ३०० | २२५२१ |
| ९ | विषादी छर्कने स्प्रेयर अन्य सामाग्री वितरण ७५ प्रतिशत अनुदान | ५० | २२५२१ |
| १० | हाइब्रीड धान बीउ खरिद तथा वितरण ७५ प्रतिशत अनुदान | ५० | २२५२१ |
| ११ | कृषि चुन बोडो मिक्चर वितरण फलफुल बगैचा | १५० | २२५२१ |
| १२ | रैथाने बाली प्रर्बध्दन प्रोत्साहन तरुल बीउ वितरण ढुवानी समेत | १०० | २२५२१ |
| १३ | जरे। डाले घाँस ढुवानी समेत | १०० | २२५२२ |
| १४ | १ दिने कृषकस्तर कुखुरापालन तालिम | २५ | २२५२२ |
| १५ | हिउँदे घाँस खेती ढुवानी समेत | ५० | २२५२२ |
| १६ | १ दिने कृषकस्तर भेडापालन तालिम | २५ | २२५२२ |
| १७ | कृत्रिम गर्भाधान AI तालिम | २० | २२५२२ |
| १८ | वर्षे घाँस खेती ढुवानी समेत | ५० | २२५२२ |
| १९ | १ दिने कृषकस्तर बाख्रापालन तालिम | २५ | २२५२२ |
| २० | सामुहिक फुलको नर्सरी निर्माण मखमलि र सयपत्री | २०० | २२५२२ |
| २१ | पशु स्वास्थ्य शिविर | ५०० | २२७११ |

| | | | |
|---|---|---|---|
| २२ | गरिव विपन्न दलित तथा एकल महिलालाइकुखुरा चल्ला वितरण ढुवानी समेत | १०० | २२७११ |
| २३ | माछा भुरा खरिद तथा ढुवानी | १५० | २२७११ |
| २४ | भेडापालन कृषकहरुलाइ सोलार त्रिपाल र रेडियो वितरण | १०० | २२७११ |
| २५ | प्लाष्टिक टनेल ।थोपा सिंचाइ सेट वितरण ७५ प्रतिशत अनुदान ढुवानी समेत | २०० | २२७११ |
| २६ | उन्नत राँगो खरिद तथा वितरण | १५० | २२७११ |
| २७ | रेविज रोग नियन्त्रण शिविर | ५० | २२७११ |
| २८ | अदुवा वेसार बीउ वितरण मागमा आधारित ८० प्रतिशत अनुदान | २२५ | २२७११ |
| २९ | तरल नाइट्रोजन ढुवानी भण्डारण तथा वितरण व्यवस्थापन | ८० | २२७११ |
| ३० | औषधी व्यवस्थापनका लागी सामाग्री खरिद | ५० | २२७११ |
| ३१ | व्यवसायिक कुखुरापालन फर्मलाइ अनुदान | १०० | २५३१५ |
| ३२ | औषधी खरिद ढुवानी | ५०० | २७२१३ |
| **जम्मा** | | **३९२५** | |

| पूँजीगत खर्च बजेट २०७७।०७८ | | | |
|---|---|---|---|
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **बजेट(रु. हजारमा)** | **कैफियत** |
| १ | लापु भिरकुना होमस्टे | ५०० | ३११११ |
| २ | लामावेशी आरन भवन निर्माण | ५०० | ३११११ |
| ३ | सभाहल निर्माण काशीगाँउ क्रमागत | ३००० | ३१११२ |
| ४ | वडा नं ४ ५ ६ र ७ को कार्यालय भवन | ४००० | ३१११२ |
| ५ | सभाहल काशीगाँउ निर्माण क्रमागत गा पा | ३००० | ३१११२ |
| ६ | मेलमिलाप केन्द्र भवन निर्माण | २००० | ३१११२ |
| ७ | गा पा प्रशासकीय भवन डी पि आ र जग्गा खरिद तथा निर्माण | २४००० | ३१११२ |
| ८ | वडा भवन ४ ५ ६ र ७ को कार्यालय भवन निर्माण | १४००० | ३१११२ |
| ९ | सवारी साधन | १२०० | ३११२१ |
| १० | मेशिनरी तथा औजार | १५५० | ३११२२ |
| ११ | यार्सा कृषि औजार खरिद | ३०० | ३११२२ |
| १२ | जनजागृति कृपक समुह हाते टयाक्टर खरिद | १०० | ३११२२ |

| | | | |
|---|---|---|---|
| १३ | सिस्नो मेसिन मर्मत र खरिद | ४०० | ३११२२ |
| १४ | फर्निचर तथा फिक्चर्स | ७५० | ३११२३ |
| १५ | उहिया वडा कार्यालय जोड्ने मोटरबाटो निर्माण | २००० | ३११५१ |
| १६ | गुरुवाङ देखि दुङ्लासम्म मोटरबाटो निर्माण | १७५५।७८६३ | ३११५१ |
| १७ | दोभान देखि सेलाचेत जाने मोटरबाटो निर्माण | २००० | ३११५१ |
| १८ | लुङ्केत खोला विद्युत पावर हाउस मर्मत तथा कुलो व्यवस्थापन | ५०० | ३११५३ |
| १९ | खोर्लाविशि पहिरो नियन्त्रण | १८२।२३९३६ | ३११५४ |
| २० | गंगा जमुना मा वि पहिरो नियन्त्रण | १५० | ३११५४ |
